**सम्पति विवरण समयमै बुझाऔं जरिवानाबाट बचौं**

- सार्वजनिक पद धारण गरेका व्यक्ति तथा राष्ट्रसेवकले आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गरौं।
- आर्थिक वर्ष शुरू भएको वा सार्वजनिक पद धारण गरेको साठी दिनभित्र आफ्नो सम्पत्ति विवरण तोकिएको निकायमा पेश गरौं।
- भ्रष्टाचारमा शून्य सहनशीलता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ भदौ ०७ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 August 23 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ०६

# पर्सामा खडेरीले धान उत्पादन पन्ध्र प्रतिशत कम हुने

नितेश कर्ण, वीरगंज, ६ भदौ/

कृषि सामग्री कम्पनी लिमिटेड, प्रादेशिक कार्यालय, वीरगंजका प्रवक्ता आलोक कुमारले पर्सा जिल्लामा माग अनुसारको मल उपलब्ध गराइएको बताएका छन्।



कृषि ज्ञान केन्द्र, पर्साका बाली अधिकृत सुरेशप्रसाद चौरसिया र कृषि सामग्रीका प्रवक्ता आलोक कुमार। तस्वीरः प्रतीक

उनले पर्सा जिल्लाको लागि ११२३.८५ मेट्रिक टन मल माग भएकोमा भदौ ५ गतेसम्म १००९.०५ मेट्रिक टन मल उपलब्ध गराइसकेको बताएका छन्।

कृषि ज्ञान केन्द्र, पर्साका बाली अधिकृत सुरेशप्रसाद चौरसियाले पर्सा जिल्लामा ४८ हजार ५३२ हेक्टर क्षेत्रफलमा धानखेती भएकोमा सोको लागि ८२८.३५ मेट्रिक टन मल किसानहरूलाई उपलब्ध गराइएको बताए। कृषि सामग्री कम्पनीबाट प्राप्त मलमध्ये धानखेतीको लागि किसानहरूलाई ८२८.३५ मेट्रिक टन मल वितरण गरिएको र बाँकी मल अन्य बालीको लागि राखिएको जानकारी गराए। धान रोपाइँको बेलामा साल्ट ट्रेडिङ कम्पनीबाट ५३८.३ मेट्रिक टन मल प्राप्त भएको र किसानहरूलाई बिक्री गरिएको उनले जानकारी गराए। बाली अधिकृत चौरसियाले खडेरीको कारण यस वर्ष पर्सा जिल्लामा धान उत्पादनमा १० देखि १५ प्रतिशत ह्रास हुने बताए।

धान रोपाइँको बेलामा पनि खडेरी परेर एक महीना ढिलो रोपाइँ भएको र अहिले धानमा गुभो लाग्ने बेला युरिया मलको आवश्यक भएको तर मल उपलब्ध नहुँदा उत्पादनमा कमी आउने उनले बताए।

जिल्लाका किसानहरूले सरकारले खडेरीको समयमा सिंचाइको व्यवस्थापन गर्न नसकेको र मल पनि पर्याप्त उपलब्ध नगराउँदा समस्या भोग्नुपरेको बताएका छन्। उनीहरूले खेतीमा लगानी बढेको र उत्पादन घट्नुका साथै बजार मूल्य नपाउने चिन्ताले अहिलेदेखि नै सताउन थालेको बताए। आकाशे पानीको भरमा रहेका किसानहरूसँगै नहरनजीकका किसानहरूले पनि सिंचाइ सुविधा पाउन नसकेको किसानहरूको गुनासो छ। भारतले नहरमा सम्झौता अनुसार पानी नछाड्दा नहरनजीकका किसानहरू पनि समस्यामा छन्।

तीन तहको सरकार भएपनि कुनै पनि सरकार किसानको समस्यामा गम्भीर नभएको उनीहरूले आरोप लगाए। प्रत्येक वर्ष सिंचाइ, मल र कृषि कर्मलाई प्राथमिकतामा राख्ने सङ्घीय सरकारले आश्वासन दिँदै आएको र सोही अनुरूप प्रदेश र स्थानीय सरकार पनि रहेका कारण आफूहरू पीडित हुनुपरेको किसानहरूको आरोप छ।

# फिरोज अन्सारीको उपचारको क्रममा मृत्यु
## चिकित्सक सङ्घको निष्कर्षः घटना भवितव्य

प्रस, वीरगंज, ६ भदौ/

वीरगंज हेल्थ केयर अस्पतालले



पत्रकार सम्मेलनमा बोल्दै सङ्घका अध्यक्ष डा गुप्ता। तस्वीरः प्रतीक

उपचारको क्रममा लापरवाही गरेको भनिएको विवादबारे नेपाल चिकित्सक सङ्घ नारायणी शाखाले सोमवार पत्रकार सम्मेलन गरी आफ्नो धारणा सार्वजनिक गरेको छ।

घटनामा चिकित्सकको लापरवाही नभई भवितव्य भएको सङ्घका अध्यक्ष डा मनोजकमार गुप्ताले दाबी गरे। उनले सङ्घको टोली अस्पतालमा पुगेर अनुसन्धान गर्दा यस्तो घटना न्यून मात्रामा हुने गरेको तथा उपचारको क्रममा चिकित्सकले आफ्नो जिम्मेवारी राम्ररी पालना गरेको बताए। उनले चिकित्सकको लापरवाहीका कारण दुर्घटना नभएको दाबी गरे। उनले घटनाबारेमा विवाद चुलिएपछि सङ्घका पदाधिकारी सदस्यले स्थलगत निरीक्षण गरेको र उपचारमा संलग्न व्यक्तिहरूसँग सोधखोज गरेको तथ्यको आधारमा घटना नियोजित नभएर भवितव्य भएको दाबी गरे। अध्यक्ष डा गुप्ताले समाजको जिम्मेवार नागरिकको हैसियतले सङ्घले घटनाको अनुसन्धान गरेको बताए।



फिरोज अन्सारी

वीरगंज हेल्थकेयर अस्पतालमा कार्यरत डा आशिफ अन्सारीले साउन २६ गते पित्तथैलीमा रहेको पत्थरी दूरबिन प्रविधिबाट निकाल्दा पित्तथैलीबाट रक्तश्राव भएपछि ओपन सर्जरी गरी रक्तश्राव रोकिएको डा गुप्ताले बताए। रगत रोकिए पनि सङ्क्रमण भई फोक्सोमा समस्या देखिएपछि थप उपचारको लागि काठमाडौं पठाएको र उपचारको क्रममा गएराति फिरोज अन्सारीको मृत्यु भएको डा गुप्ताले पत्रकार सम्मेलनमा जानकारी गराए।

उनले बिरामीको मृत्युप्रति दुःख व्यक्त गर्दै बिरामीको परिवारले बुझाउनुपर्ने रकम पनि अस्पतालमा बाँकी रहेको बताए।

पत्रकार सम्मेलनमा डा मुकेश अग्रवाल, डा ऐनामुल हकलगायतले घटनाबारेमा आआफ्नो धारणा राखेका थिए।

# डुबेर मृत्यु हुने बालबालिकाको सङ्ख्या बढ्दो

प्रस, सप्तरी, ६ भदौ/

सप्तरी जिल्लामा डुबेर मृत्यु हुने बालबालिकाको सङ्ख्या बढ्दो छ। चालू आर्थिक वर्षको पहिलो महीनामैं पोखरीमा डुबेर चारजनाको ज्यान गइसकेको छ।

गत वर्षको तुलनामा एक महीनामा डुबेर मृत्यु हुनेको सङ्ख्या दोब्बर हो। जिल्ला प्रहरी कार्यालय, सप्तरीका अनुसार गत वर्ष पोखरीमा डुबेर २४ जना बालबालिकाको ज्यान गएको थियो। सोभन्दा पहिले दुई वर्षको अवधिमा ३३ जना अर्थात् वार्षिक सरदर १६.५ जनाको ज्यान गएको थियो।

यस वर्ष सुरुआतको महीना चारजना बालबालिकाको ज्यान जानुले बितेको वर्षको भन्दा पनि मृत्युदर वृद्धि हुन सक्ने देखिएको हुँदा सतर्कता अपनाउन अभिभावक तथा जिल्लावासीलाई प्रहरीले अपील गरेको छ।

बितेको बुधवार जिल्लास्थित राजगढ गाउँपालिकाको पोखरीमा एकजना बालकको नुहाउने क्रममा पोखरीमा डुबेर मृत्यु भयो। वडा नं ४ बेल्ही चपेनास्थित सार्वजनिक पोखरीमा सोही ठाउँका वीरेन्द्र मण्डलका छोरा १३ वर्षीय राजा मण्डलको डुबेरै मृत्यु भएको हो।

यसअघि साउन २६ गते बोदे बर्साइन नगरपालिका-८ काचनमा एक बालिकाको पोखरीमैं डुबेर मृत्यु भयो। सोही स्थान निवासी मीताराम दासकी छोरी छ वर्षीया नन्दनीकुमारी दासको पनि नुहाउने क्रममैं मृत्यु भएको थियो।

यसैगरी, साउन २४ गते जिल्लाको दुई छुट्टाछुट्टै घटनामा दुईजनाको पोखरीमा डुबेर मृत्यु भयो।

छिन्नमस्ता गाउँपालिका-४ लालापट्टीस्थित पोखरीमा डुबेर दुई वर्षीय दीप पण्डितको मृत्यु भएको थियो। सोही दिन विष्णुपुर गाउँपालिका-३ बस्ने लल्कु भनिने शिवशङ्कर सदाको पोखरीमैं डुबेर मृत्यु भयो।

सप्तरीका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेका अनुसार पोखरीमा डुबेर मृत्यु हुनेको सङ्ख्या बर्सेनि बढ्दो छ। मृत्यु हुनेमा बालबालिकाको सङ्ख्या बढी देखिएको छ। आर्थिक वर्ष २०७६/७७ मा ११, २०७७/७८ मा २२ र २०७८/७९ मा २४ जनाको डुबेर मृत्यु भएको थियो।

तीन वर्षको अवधिको तथ्याङ्क हेर्दा बालबालिकाको मृत्यु अन्य कारणले भन्दा डुबेरै बढी भएको जिल्ला प्रहरी प्रवक्तासमेत रहेका प्रनाउ काफ्लेले बताएका छन्। तीन वर्षमा मृत्यु भएकामध्ये सातजना बालक र छजना बालिका पाँच वर्षमुनिका छन्।

तराई-मधेसमा पोखरीसँगै नदी, नाला, नहर, खोला, खाल्डोमा डुबेरसमेत मृत्यु हुने गरेको छ। यो तीन वर्षको अवधिमा २६ जनाको पोखरीमा, १० जनाको खाल्डोमा डुबेर, सातजना खोलामा, १० जनाको नहरमा र चार जनाको नदीमा डुबेर मृत्यु भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ।

पोखरीमा नुहाउन जाँदा मृत्यु हुनेको सङ्ख्या अधिक देखिएको र यसमा पोखरीधनी र अभिभावकको लापरवाही मुख्य कारण रहेको प्रहरीको ठहर छ। प्रनाउ काफ्लेले अभिभावकबाट आवश्यक निगरानी हुन नसक्दा घटना वृद्धि भएको बताए।

# शहीद भगत सिंहको प्रतिमामा क्षति पुगेपछि विरोध

प्रस, सिम्रौनगढ, ६ भदौ/रासस

बाराको सिम्रौनगढनजीक सीमावर्ती भारतको घोडासहनमा रहेको भारतीय शहीद भगत सिंहको प्रतिमा दुई टुक्रा भएपछि राजनीतिक दलहरूले विरोध गरेका छन्।

घोडासहन शहरको सौन्दर्यीकरण गर्ने क्रममा प्रतिमा टुक्रिएको जनाइएको छ। शहीद भगत सिंहको प्रतिमाबाट टाउको अलग भएको छ।

यसबारे स्थानीय राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले लापरवाही गरेको भन्दै स्थानीय प्रशासनको विरोध गरेका छन्।



तस्वीरः प्रतीक

जनता दल युनाइटेडका नेता रामपुकार सिन्हा, भारतीय कम्युनिस्ट पार्टी मालेका नेता एनुल हक, माकपाका नेता अब्दुल्ल सलामले विरोध गरेका थिए। स्थानीय प्रशासनले प्रतिमा मजदूरद्वारा उठाउने क्रममा टुटेको र यसलाई पाँच दिनभित्र स्थापना गर्ने आश्वासन दिएपछि विरोध शान्त भएको थियो।

# मिटर ब्याजी साहको ससुरालीबाट कपाली तमसुक बरामद

प्रस, महोत्तरी, ६ भदौ/

प्रहरीले पक्राउ गरेको मिटर ब्याजी अनुरुद्र साहको ससुरालीबाट तमसुक बरामद भएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीले जनाएको छ।

साहको ससुराली घरमा छापामारी गर्दा ७१ लाख रुपैयाँभन्दा बढीको कपाली तमसुक बरामद भएको महोत्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक चन्देश्वर यादवले जानकारी गराएका छन्।

प्रवक्ता यादवका अनुसार साहले विभिन्न १३ जनासँग मिटर ब्याज चलाएर रु २० लाख ३३ हजार ठगी गरेको बेहोराको उजूरी विगत डेढ वर्ष पहिले नै जिल्ला प्रशासन कार्यालयमा परेको थियो। त्यसपछि उनी फरार थिए।

शनिवार पक्राउ परेका उनको ससुराली घरबाट ७१ लाख ४४ हजार ३५० रुपियाँको नौ थान कपाली तमसुक बरामद भएको प्रहरीले जनाएको छ।

उक्त तमसुक महोत्तरी, धनुषा, झापालगायतका जिल्लाका ऋणीहरूको रहेको छ।

साह लुकीछिपी बस्दै आएको जनकपुर उपमहानगरपालिका वडा नं ७

(बाँकी पाँचौं पातामा)

# युवतीलाई दुर्व्यवहार गरेको आरोपमा सभापति पक्राउ

प्रस, पंचगावाँ, ६ भदौ/

नेपाल रेडक्रस सोसाइटी उपशाखा बिरुवागुठीका सभापति महम्मद जुकुर्लाह युवतीसँग दुर्व्यवहार गरेको आरोपमा पक्राउ परेका छन्।

उपशाखा सभापति जुकुर्लाहलाई आइतवार राति बडनिहार प्रहरी चौकीले पक्राउ गरी इलाका प्रहरी कार्यालय, एकटाँगालाई बुझाएको थियो। उनीमाथि एकजना युवतीसँग दुर्व्यवहार गरेको आरोप छ।

स्रोतका अनुसार उपशाखाका सभापति जुकुर्लाहले धेरै दिनदेखि स्थानीय एकजना युवतीलाई ललाइफकाइ प्रलोभन दिँदै आएका थिए। तर ती युवतीले सभापति जुकुर्लाहको हर्कत आफ्नो साथीलाई भनेकी थिइन्।

श्रीकृष्ण जन्माष्टमीको अवसरमा सोही दिन लागेको मेलामा जुकुर्लाहले ती युवतीलाई जिस्काउने, प्रलोभन दिँदै गर्दा युवतीकी साथीले मोबाइलमा रेकर्ड गरेकी थिइन्।

घटनाबारेमा युवतीले आफ्नो परिवारका सदस्यलाई भनेपछि आइतवार साँझ गाउँमा पञ्चायती राखिएको थियो।

पञ्चायतीमा उपशाखा सभापति जुकुर्लाहलाई बोलाइएको थियो तर उनी पञ्चायतीमा आएनन्। उनले युवतीको घरपरिवारसँग आफूले भेटेर कुरा गर्ने भन्दै पञ्चायतीमा आएनन्।

पञ्चायतीमा बसेकाहरूले घटनाबारे बडनिहार प्रहरी चौकीमा उजूरी गरेपछि चौकीले पक्राउ गरेर इप्रका, एकटाँगा चलान गरेको थियो। सोमवार जुकुर्लाहलाई जिल्ला प्रहरी कार्यालय, पर्सामा पठाइएको हो। प्रतिष्ठित सामाजिक संस्था नेपाल रेडक्रस सोसाइटीको स्थानीय सभापति रहेका व्यक्तिले उच्छृङ्खल कार्य गरेकामा बडनिहारमा जुकुर्लाहको ठूलो आलोचना भइरहेको छ।

## विचारसार र सूक्तिहरू

**बदला लियौ भने दुईचार दिन सन्तुष्ट हुन्छौ, क्षमा दियौ भने जीवनभर सुन्तुष्टि पाउँछौ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# ढिलासुस्ती


**तोकिएको समयमा विकास निर्माण सम्पन्न नगर्ने होडबाजी नै चलेको छ। विभिन्न बहानामा विकास निर्माण कार्य तोकिएको समयमा नगर्दा समस्या सिर्जना भएकै छ, साथै देशलाई आर्थिक हानि पनि भइरहेको छ। वीरगंज–पथलैया व्यापारिक मार्ग दुई वर्षमा कार्य सम्पन्न गर्नेगरी ठेकेदार कम्पनीहरूसँग सम्झौता भएको थियो । तर साइट क्लियर नभएको, विद्युत् पोल नहटेको जस्ता विभिन्न बहाना दिएर निर्माण कार्यमा विलम्ब भएर अहिले सात वर्ष पुग्न लाग्दा पनि सम्पन्न हुन सकेको छैन । ठेकेदार कम्पनीहरूले सम्झौता अनुसारको कार्य नगर्दा उनीहरूलाई दण्डित गर्नुपर्नेमा सरकारका प्राविधिकहरूले नै म्याद थपका लागि विभिन्न बाटाहरू पहिल्याइदिने गरेका कारण एउटै योजना बारम्बार म्याद थप भएर लम्बिने गरेको पाइएको छ । कुनै योजना सम्पन्न गर्न कारणवश ढिलो हुन सक्छ तर त्यही कारणलाई सबै योजनामा प्राविधिकहरूले लागू गर्दै आएका कारण विकास निर्माण कार्यहरू ढिला हुनुलाई नकार्न सकिन्न। भूगोल र परिस्थितिका कारण फरक योजनामा एकै प्रकारका कारण देखाएर हुने प्राविधिक सिफारिशमाथि पनि छानबीन गर्ने र गलत सिफारिश भएको पाइए कारबाही गर्नुपर्छ । तर हामीकहाँ जसलाई जिम्मेवारी सुम्पियो उही नै भ्रष्ट हुने गरेको छ ।**

**देशभरि सञ्चालित ठूला आयोजनाहरूको यहाँ चर्चा नगरौं। पर्सा र बारामा सञ्चालित राष्ट्रिय गौरव, प्रदेश, जिल्ला र स्थानीय तहका योजनाहरूको अवस्था पनि कहालीलाग्दो छ। राष्ट्रिय गौरवका योजना भनिएको निजगढ विमानस्थलको कार्य कछुवा गतिमा छ। २७ वर्षदेखि योजना सञ्चालनमा छ तर प्रगति भने शून्य। यो आयोजनामा सरकारको नियत गलत छ । पर्याप्त बजेट विनियोजन नभएको र बर्सेनि योजनामा झिनो रकम मात्र विनियोजन गर्दा अहिलेसम्म गति लिन नसकेको हो । यसैको सिको द्रुतमार्गमा हुँदैछ । करीब एक दशकभन्दा बढी समयदेखि द्रुतमार्ग निर्माणको कार्य जारी छ । दुई ठूला छिमेकी देशको चलखेलका बीच यो योजना सरकारले नेपाली सेनाबाट सम्पन्न गर्ने अठोट लिए पनि सेनाको कार्य पनि सन्तोषजनक देखिएको छैन । केन्द्र सरकारद्वारा सञ्चालित योजनाको यो दुर्दशा छ भने मधेस प्रदेश सरकारद्वारा सञ्चालित योजनाहरूको अवस्था पनि दुःखदायी नै छ । पोखरी सौन्दर्यीकरण, सडक विस्तार योजना आदिमा मधेस प्रदेश सरकारले आठ जिल्लामा सयौं कार्य अगाडि सारेको छ, तर कुनै पनि सम्पन्न भएको छैन। योजना सम्पन्न हुनेगरी बजेट विनियोजन नहुनु एउटा पक्ष छ भने अर्को कारबाही नहुने भएपछि कार्यमा ठेकेदारको ढिलासुस्ती। तिलावे पुल सात वर्षदेखि निर्माण हुँदै आएकोमा निर्माण कार्य अपूरो रहेको अवस्थामा उद्घाटन भयो । रु सात करोड ११ लाखमा सो पुल बनाउन सम्झौता भएकोमा अहिलेसम्म पौने दुई करोड बढी लागत लागेको छ । रकम पनि बढ्यो, समयमा पनि बनेन, जनताले सास्ती खानुपर्‍यो, अनि सरकारले त गाली त खाने नै भयो ।**

**अहिले मितेरी पुलदेखि रजतजयन्ती चोकसम्म सडक मर्मत कार्य हुँदैछ । सडक विभागमार्फत ठेकेदारले गर्ने यो कार्यमा शुरूमा फुर्तीका साथ कालोपत्र खन्ने, ग्राभेल बिछ्याउने कार्य भए । अहिले डेढ महीनादेखि मर्मत कार्य बन्द भएर यात्रुहरू धूलोको शिकार हुनुपरेको छ । असार मसान्तमा भुक्तानीको लागि मात्र मर्मत कार्य हतारहतारमा भयो । भुक्तानी भयो तर कार्य रोकियो । एक किलोमिटर सडक कालोपत्र गर्ने [redacted] चासो नहुनु दुःखद हो।**

# संशोधित ऐनले जनसाङ्ख्यिक परिवर्तन ल्याउन सक्छ

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
Koiralarp46@gmail.com

**जनसाङ्ख्यिक सन्तुलन कायम राख्नको लागि यसको रणनीतिक स्थान, भारतसँगको खुला सिमाना, सानो अर्थतन्त्र, सानो देश र थप विदेशी आप्रवासीलाई समाहित गर्ने संतृप्त बिन्दुका कारण नागरिकता लिनका लागि कडा र बलियो सशर्त प्रावधान चाहिन्छ ।**

निर्वाचन अघि नागरिकता ऐनमा संशोधन गरेर नागरिकता प्रमाणपत्र वितरण गर्ने नेपालको ट्र्याक रेकर्ड कमजोर छ। पहिलो उदाहरण सन् २००७ मा अन्तरिम संविधान संशोधन गरेर सन् २००८ को संविधानसभाको निर्वाचन अघिको हो। यसले देशभर दुईवटा अभियान सञ्चालन गरी एक महीनामा ६ लाखभन्दा बढी नागरिकता प्रमाणपत्र वितरण गर्‍यो - एउटा मोबाइल टोली र एकीकृत नागरिकता वितरण अभियान। संशोधित संविधान अनुसार सन् १९९० अप्रिल मसान्त अघि नेपालमा जन्मेका वा स्थायीरूपमा बसोवास गरेका जो कोहीले नागरिकताको प्रमाणपत्र लिन पाउने छ।

यसको पछिल्लो उदाहरण सन् २०२२ को आम निर्वाचनलाई लक्षित गरी नेपाल नागरिकता ऐन २०२२ को पहिलो संशोधन हो र यसपटक पनि देशभर ६ लाखभन्दा बढी नागरिकता प्रमाणपत्र वितरण हुने अपेक्षा गरिएको छ। यो संशोधन नेपालको संविधान २०१५ को आधारमा गरिएको हो, जसले अघिल्लो कटअफ वर्षलाई मध्य अप्रिल १९९०–२० सेप्टेम्बर २०१५ सम्म विस्तार गरेको थियो । यो मितिभन्दा पहिले नेपालमा जन्मेका जो कोही नागरिकता प्रमाणपत्र पाउन योग्य हुनेछ।

प्रत्येक देशको आआफ्नै नीति, नियम र मापदण्ड हुन्छ । कतिपय देशमा मानिसहरू स्वतः जन्मेको देशको नागरिक बन्छन् । धेरै देशले एक व्यक्तिको नागरिकसँग विवाहको आधारमा निश्चित अवधिभित्र प्रकृतीकरण प्रस्ताव गर्छन्। राज्यहरूले कानूनीरूपमा देशमा प्रवेश गरेका र बस्न अनुमति पाएका, वा राजनीतिक शरण पाएका र निश्चित अवधिसम्म बसेका व्यक्तिलाई अङ्गीकृत नागरिकता प्रदान गर्छन् ।

जब राष्ट्रभित्र विविध समूहहरू हुन्छन्, नागरिकता प्रमाणपत्र एक मात्र वास्तविक बन्धन हुन सक्छ जसले सबैलाई विनाभेदभाव एक सूत्रमा बाँध्छ–यो एउटा 'व्यापक बन्धन' हो जसले राज्यसँग व्यक्तिलाइ जोड्दछ र मानिसलाई कानूनी पहिचान दिन्छ साथै राष्ट्रको सदस्यको रूपमा स्वीकार गर्छ ।

राष्ट्रियता हाम्रो भूराजनीतिक परिस्थितिमा, प्रायः नागरिकताको पर्यायवाचीको रूपमा प्रयोग गरिन्छ, जसले धेरै पुस्तादेखि बसोवास गर्ने जातीय समूह, ठूला वा साना – राष्ट्रको व्यक्तिको सदस्यलाई जनाउँछ ।

संसद्बाट पारित नेपाल नागरिकता ऐन, २००६ (पहिलो संशोधन, २०२२) ले संविधानको आधारभूत मान्यता र भावनाको पालना गरेको छ। तर यसले विदेशीलाई अङ्गीकृत नागरिकता दिने र गैरआवासीय नेपाली तथा अल्पसङ्ख्यक, विशेषगरी महिला, बालबालिका र तेस्रो लिङ्गीका लागि थप सशर्त प्रावधानलाई उच्च महत्त्व दिएको छ।

गत वर्ष संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा लामो छलफलपछि नेपालीसँग विवाह गर्ने विदेशी महिलालाई अङ्गीकृत नागरिकता पाउन सात वर्ष पर्खाइको व्यवस्था गरी नागरिकता संशोधन विधेयक प्रतिनिधिसभामा पठाइएको थियो । उनीहरूले नेपाली नागरिकता पाउने, मतदान र राजनीतिक अधिकारबाहेक अन्य आवश्यक प्रयोजनका लागि छुट्टै परिचयपत्र जारी गर्नुपर्छ, जुन विश्वका प्रायः सबै देशमा प्रचलित छ। तर यो सिफारिशविपरीत सरकारले नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलालाई नागरिकता पाउन सात वर्षको बन्देज प्रावधान खारेज गरी संसद्बाट विधेयक फिर्ता लिएको थियो।

यसबाहेक नागरिकता प्रमाणपत्र वितरण टोली गठन गरी घटनास्थल अनुसन्धानका आधारमा नेपाली नागरिकता प्रदान गर्ने र आमाबुवा नचिनेका बालबालिकालाई वंशजको आधारमा नागरिकता प्रदान गर्नेजस्ता ऐनका अन्य कमजोर विषयवस्तुमा सुधार र संशोधनको अपेक्षा पनि जनताले गरेको थियो। यस्ता अनुचित प्रावधान निरन्तर चलिरहँदा नेपाली जनता चिन्तित छ।

संविधानसभा निर्वाचन अघि नै राजनीतिक आन्दोलन र तरल राजनीतिक अवस्थामा नागरिकता वितरण टोलीको व्यवस्था फेरि विनाशकारी हुन सक्छ। साथै, भारतीय खुला सिमानाबाट हजारौं सडक बालबालिका सजिलै नेपाल प्रवेश गर्न सक्छन् र बाल संरक्षण केन्द्रले उनीहरूलाई त्यहाँ आश्रय दिएको प्रमाणीकरण गरेमा अभिभावकविहीन बालबालिकाका लागि यो व्यवस्थाको दुरुपयोग असम्भव छैन। उनीहरूले सजिलै नेपाली नागरिकता पाउने छन्। नेपालको पहाडी क्षेत्रबाट बसाइँसराइ र भारतबाट आउने आप्रवासीको खुला प्रवेशका कारण देशको तराई क्षेत्रमा जनसङ्ख्या निरन्तर बढ्दै गएको छ । नागरिकता ऐनमा भएको यो संशोधनले नेपालको पहाडी र तराईबीच असन्तुलित जनसङ्ख्या संरचनामा थप जनसाङ्ख्यिक परिवर्तन ल्याउन सक्छ। २०११ मा १३ करोड ३३ लाख १८ हजार रहेको तराईको जनसङ्ख्या २०२१ मा १५ करोड ६५ हजार पुगेको छ भने १० वर्षभित्र ५०.२७ प्रतिशतबाट बढेर ५३.६६ प्रतिशत पुगेको छ । सोही अवधिमा हिमाली क्षेत्रको जनसङ्ख्या १७ लाख ८१ लाख रहेकोमा ६.७३ प्रतिशतबाट ६.९ प्रतिशतमा घटेर १७ लाख ७८ हजारमा झरेको छ । अहिले पहाडी क्षेत्रको जनसङ्ख्या ११ करोड ७८ लाख पुगेको छ । तर, राष्ट्रियव्यापीरूपमा यसको प्रतिशत १० वर्षभित्र ४३.०१ प्रतिशतबाट ४०.२५ प्रतिशतमा झरेको छ । पहाडबाट तराईमा जनसङ्ख्या सर्नु र तराईबाट पहाडमा सर्नु देशभित्र सामान्य कुरा हो, तर विशेषगरी हाम्रा कानूनका कमजोर प्रावधानका कारण नेपाली नागरिकताको प्रमाणपत्र लिने मनसायले विदेशीको प्रवेश नेपाली जनताका लागि चिन्ताको विषय बनेको छ । सीमापार गरीब, उपेक्षित भारतीयहरूले नेपालको नागरिकता प्राप्त गर्नुको पछाडि उनीहरूले छोटो अवधिमा गरेका आर्थिक र राजनीतिक उपलब्धि हो भन्ने कुरा धेरै हदसम्म सत्य हो ।

यस अघि तराईमा जनसाङ्ख्यिक असन्तुलनका कारण नेपालले धेरै जातीय आन्दोलन र द्वन्द्वहरू देखेको तीतो अनुभव छ र त्यहाँबाट पहाडी मूलका आबादी बलपूर्वक निष्काशित गरियो। यसबाहेक नयाँ अङ्गीकृत नागरिकता धारकहरूले राजनीतिक दलहरूको समर्थनमा विशेष गरी मधेस केन्द्रित दलका नेताहरूले आफ्ना पत्नी, छोरीहरूलगायत आफन्तहरूलाई समानुपातिक सिटमा मनोनयन गरेर संसद्मा महत्त्वपूर्ण स्थान ओगट्न थालिसकेका छन्। यसले आउँदा दिनमा तराईका धरतीपुत्र अर्थात् रैथाने मधिसेहरूको स्थान कहाँ पुग्छ, गम्भीर हुनुपर्ने बेला आएको छ। संसारको कुनै पनि मुलुकमा नागरिकता या ग्रीन कार्ड सम्बन्धमा कठोर नीति लिएको पाइन्छ। भारतमा आधार कार्ड र राशन कार्डको आधारमा सबै सामाजिक–आर्थिक अधिकार एउटा नवागन्तुकालाई प्राप्त हुन्छ तर भोट दिने अधिकार हुँदैन । २०१५ सालदेखि हामी चुकेको कहाँ हो भने नागरिकता प्राप्त गर्नुभन्दा पहिले बीचको बाटो पहिल्याएर आर्थिक–सामाजिक अधिकारको कुनै व्यवस्था गर्न सकेनौं। हामीले नागरिकताको मुद्दालाई मात्र भोट बैंकको लागि प्रयोग गर्‍यौं ।

अर्को प्रसङ्ग–हामी अबको १० वर्ष पछि अल्पमतमा पर्छौं किनकि हाम्रा छोराछोरी वर्षमा चालीसदेखि पचास हजारसम्म तेस्रो मुलुक गइरहेका छन् र उनीहरू फर्कने सम्भावना ज्यादै कम छ। यसको अनुसन्धान गर्ने हो भने आउनेभन्दा जाने बढी हुन सक्छ। सरकारलाई यसको अनुसन्धान गर्ने फुर्सद कहाँ छ !

यो संशोधन आप्रवासीहरूका लागि बढी अनुकूल भएकोले, र जहाँसम्म आन्तरिक मुद्दाको सवाल छ–आलोचकहरू भन्छन् कि यो संशोधनले नागरिकताको आंशिक मुद्दालाई मात्र सम्बोधन गरेको छ । हाम्रो पितृसत्तात्मक समाजमा नागरिकता प्रदान गर्दा, विशेषगरी बुवाको अनुपस्थिति वा बाबुको नेपाली नागरिक नभएको अवस्थामा धेरै भेदभावको सामना गर्नुपरेको छ।

छोराले आमा को हो भनी पहिचान नगरी नागरिकता पाउन सक्छ भने छोरीले पनि बाबुको पहिचानको शर्त नराखी नागरिकता किन नपाउने ? यसबाहेक पतिले छाडेर बसेका महिलासँग नागरिकताको कागजात नभएको खण्डमा भर्खरै उमेर पुगेका छोराछोरीको पनि कानूनी पहिचान हुँदैन, यो विभेद कहिलेसम्म ? संसारको कुनै पनि मुलुकमा हाम्रो देशको जस्तो नागरिकताको मुद्दालाई यसरी गिजोल्ने काम गरिँदैन ।

हाम्रो नागरिकता कानूनबाट राष्ट्रिय सार्वभौमसत्ता र राष्ट्रिय हितको ह्रास हुने गरेको भन्दै सर्वसाधारणले मात्रै होइन, धेरै सांसदले पनि असन्तुष्टि जनाएका छन्।

भारतमा विदेशीलाई नागरिकता प्रमाणपत्र दिन प्रतिबन्ध लगाउने नीति छ। असम र पश्चिम बङ्गालमा पहिले नै नागरिकता लिइसकेका हकमा पनि नागरिकताको राष्ट्रिय पञ्जीकरण (NRC) प्रावधान अनुसार जाँच शुरू गरिएको छ । परिणामस्वरूप एनआरसीबाट बङ्गलादेशी मूलका करीब ४० लाख र नेपाली मूलका एक लाख नागरिकलाई बाहिर राखिएको छ ।

त्यसैले गैरनेपालीलाई जारी गरिएको नागरिकता प्रमाणपत्र पुनः छानबीन गर्न न्यायाधिकरण गठन गर्ने साहस नेपाल सरकार र राजनीतिक दलहरूले गर्नुपर्छ। यसबाहेक भारतमा नागरिकताको लागि आवेदन दिन विदेशीहरूको लागि कट–अफ वर्ष धेरै कडा र सशर्त छ। नेपालमा भने हरेक संविधान संशोधनमा विदेशीले नागरिकताका लागि आवेदन दिने कटअफ वर्ष थपिँदै जानु दुर्भाग्यपूर्ण हो ।

अन्तमा, अन्य धेरै देशको तुलनामा नेपालमा उदार नागरिकता नीति छ । तर जनसाङ्ख्यिक सन्तुलन कायम राख्नको लागि यसको रणनीतिक स्थान, भारतसँगको खुला सिमाना, सानो अर्थतन्त्र, सानो देश र थप विदेशी आप्रवासीलाई समाहित गर्ने संतृप्त बिन्दुका कारण नागरिकता लिनका लागि कडा र बलियो सशर्त प्रावधान चाहिन्छ ।

**जाँदाजाँदै** नागरिकता पाउनुपर्नेले पाउनैपर्छ, नपाउनुहुनेले कुनै हालतमा पाउनुहुँदैन। यसको लागि राज्य कठोर हुनु जरूरी छ।

# जनकपुरमा पहिलोपटक ब्रेन ट्यूमरको सफल शल्यक्रिया

प्रस, जनकपुरधाम, ५ भदौ/

जनकपुरधाममा पहिलोपटक पहिलोपटक ब्रेन ट्युमरको सफल शल्यक्रिया गरिएको छ।

छ वर्षदेखि ब्रेन ट्युमरबाट ग्रसित जनकपुरधाम उपमहानगरपालिका वडा नं १० देवीचोक निवासी ६० वर्षीया देवसुनर देवीको शल्यक्रिया सफल भएको हो । जनकपुरधाम वडा नं ४ मुरलीचोकस्थित जनकपुर न्यूरो हस्पिटल एन्ड रिसर्च सेन्टर प्रालिले सफलताका साथ ब्रेन ट्युमरको शल्यक्रिया गरेको हो। सोसम्बन्धी जानकारी गराउन अस्पतालले सोमवार पत्रकार सम्मेलन गरेको थियो ।



तस्वीरः सौजन्य

देवसुनर देवीको न्यून खर्चमा शल्यक्रिया सफल भएको अस्पतालका सञ्चालक तथा न्यूरो सर्जन डा विजयकुमार राउतले बताए। डा राउत नेतृत्वको चिकित्सक टोली शल्यक्रियामा सहभागी थियो । अन्यत्रभन्दा झन्डै ५० प्रतिशत कम खर्चमा शल्यक्रिया गरिएको अस्पतालले जनाएको छ। डा राउतका अनुसार देवसुनर देवीको मस्तिष्कको बीच भागमा पाँच सेन्टिमिटर आकारको ट्युमर थियो। लगातार आठ घण्टाको शल्यक्रियापछि उक्त ट्युमर झिक्न सफल भइएको हो ।

शल्यक्रियाभन्दा पहिले शरीरको दाहिने भाग नचल्ने भएको देवसुनरले शल्यक्रियापछि चल्न थालेको बताइन् । आफूले नयाँ जीवन पाएको भन्दै चिकित्सक टोलीलाई धन्यवादसमेत दिइन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# ‘पानी नपर्दा खेतीपाती नलाग्ने चिन्ता, पर्दा घरबारी बगाउने त्रास’

तस्वीरः प्रतीक



महोत्तरी, ६ भदौ/रासस

यसपालि बर्खायाममा पनि राम्ररी पानी परेन। असारमा दुई झमट, साउनमा त्यही तीन/चार पटक। भदौ लागेपछि त झन् चैत/वैशाखको झैं तातो बतास चल्दैछ। पानी पर्ने लक्षण देखिँदैन। राम्ररी पानी नपर्दा महोत्तरीका किसानले अपेक्षितरूपमा मुख्यबाली धान रोप्न पाएका छैनन्। पहिलेको रोपिएको ठाउँमा पनि सुक्खाले धानको बिरुवा मर्ने सम्भावना बढेको छ।

खेतबारीमा सिंचाइको कुलो/नहर नपुग्दा खेतीका लागि आकाश ताक्नुपर्ने किसानलाई पानी अलि बढी पर्दा बाढी पसेर घर ढाल्ने त्रास पनि उत्तिकै छ। कुलो/नहर नहुँदा सिंचाइको अभाव खेप्दै आएका किसानलाई पानी बढी पर्दा बाढी घरमा पस्ने नदी र खोल्सी व्यवस्थापन नहुँदा पनि कहाँ बस्ने भन्ने चिन्ताले सताउँछ। "के गरौं हामी त आस र त्रासमैं मर्ने भयौं, पानी नपर्दा खेतीपाती नलाग्ने चिन्ता, पानी बढी पर्दा खोलाखोल्सी उर्लेर घरबारी बगाउने त्रास," भङ्गाहा–४ पलार बस्तीका सत्यनारायण चौधरी भन्छन्, "कुलोले खेतमा पानी लगाउने र बाढी आउँदा पनि ढुक्कले निदाउने दिन हाम्रो कहिले आउँला ?" बस्तीसँगै टाँसिएको रातु नदीको बाढीले बस्ती कटान नगर्ने व्यवस्थाका लागि मन्त्री, सांसद, नगरप्रमुख र अन्य नेतालाई कैयौंपटक गुहारे पनि गरीब दुःखी आफूहरूको बस्ती उनीहरूको आँखामा नपरेको चौधरीको गुनासो छ। बर्खाकालमा बर्दिबास–१ का विनोद खड्कालाई पनि राति राम्ररी निद्रा लाग्दैन। घर मास्तिर पाखामा कालो बादल देखिनासाथ खड्काको परिवार दुई वर्षअघिको विपत्ति सम्झन्छ। विसं २०७७ को असार मसान्तताका गणन्ते खोल्सीको भेलले घरको कोठाचोटा सबै बालुवा र गेगरले पुरेको सम्झनाले नै झस्काउने गरेको विनोद बताउँछन्। त्यतिखेर पाखा कन्दरा भत्काउँदै उर्लेर आएको गणन्ते खोल्सीको बाढीले बर्दिबास मुख्यचोकनजीकै रहेको उनको घरभित्रसम्म गेगर थुप्र्याउँदा करोडौं मूल्यका मोटर पार्ट्सका सामान पुरिएर नोक्सान भएको थियो।

बर्दिबास नगरपालिकाको वडा नं १, २ र १४ को पूर्वी साँध रातु नदी र पश्चिमी साँध भब्सी नदीबीच करीब दुई किलोमिटरको दूरीमा १० भन्दा बढी खोल्सीले बर्सेनिजसो बर्खाकालमा उत्पात मच्चाउँदै आएका छन्। पहाडी शृङ्खलाबाट झर्ने दाहाल्नी खोल्सी, हवलदार खोल्सी, गणन्ते खोल्सी, कामी खोल्सी, पानी खोल्सी, साँपमारा खोल्सी, बलुवानी खोल्सी, जोगी खोल्सी, ठूलो बलुवानी खोल्सी र पेरुङ्गे खोल्सी व्यवस्थित गर्न नसकिंदा सधैं घर पो ढाल्ने हो कि भन्ने पिरलो भइरहने यहाँका बासिन्दा बताउँछन्। "यसपालि भने ठूलो वर्षा नहुँदा खोल्सी बौलाएका छैनन्," साँपमारा खोल्सीनजीक घर भएकी राधा अधिकारीले सन्तोषको श्वास फेर्दै भनिन्। पानी नपर्दा घर ढल्ने त्रास नपरे पनि त्यै पानीबेगर बाली लगाउन नपाइएको चिन्ता पनि उत्तिकै रहेको राधा बताउँछिन्। बर्दिबासचोक क्षेत्रमा आबादी बढ्दै गएसँगै यहाँका खोल्सीको बहाव क्षेत्र साँघुरिंदै गएपछि बर्खामा यिनको उत्पात बढ्ने गरेको विज्ञहरू बताउँछन्। "पहाडबाट झर्ने खोल्सीले बग्ने ठाउँ नपाएपछि बस्तीहरू बाढीको जोखिममा परेका हुन्," पछिल्ला १५/१६ वर्षदेखि चुरे जलाधार क्षेत्रको संरक्षणमा अभियान नै सञ्चालन गर्दै आएका सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादव भन्छन्, "वनक्षेत्रको संरक्षण र खोल्सी व्यवस्थापन नगरी दिनदिनै बढ्दै गएको शहरीकरणले अझ भयावह अवस्था सिर्जना गर्न सक्छ।"

सघन बजार क्षेत्रमा खोल्सी पुरेर सडक बनाउने, घर बनाउने र अन्य संरचना बनाउने होड चलेपछि बर्खे भेल निकासको ठाउँ नभएर बस्ती असुरक्षित हुँदै गएको यादवको भनाइ छ। पछिल्ला केही वर्षयता खोल्सीमा बाँध बाँध्ने काम ठाउँठाउँमा थालिए पनि यो कुनै निकायको प्राथमिकतामा नपर्दा सबै खोल्सी व्यवस्थित हुन सकेका छैनन्। "मुख्य कुरा त यी खोल्सीको बहाव नै थुनिएर संरचना बनेका छन्, यिनले बग्ने ठाउँ त पाउनुपर्‍यो नि !" अध्यक्ष यादव भन्छन्।

महोत्तरी जिल्लाको उत्तरी सीमा चुरे पहाडबाट निस्कने रातु, भब्सी, जङ्घा, गणन्ता, ढुङ्ग्रे, ढोलनखोला, टुटेश्वर, खयरमारा, मडहा र बाँकेलगायतका नदीमा सयौं सङ्ख्याका खोल्सी मिसिएका छन्। वन क्षेत्रभित्रै मुख्य नदीमा मिसिने खोल्सीले त्यति कटान नगरे पनि बस्ती क्षेत्र हुँदै मुख्य नदीमा मिसिने खोल्सीका बहाव क्षेत्र भने मासेर संरचना बनाइँदा कटान, डुबानको समस्या बढेकामा विज्ञहरू एकमत छन्। जिल्ला भएर बग्ने मुख्य नदीमध्येको रातुमा मात्रै १३० भन्दा

(बाँकी अन्तिम पातामा)

# नवौं राष्ट्रिय खेलकूद : प्रशिक्षक/प्रशिक्षण सुरुआत

कास्की, ६ भदौ/रासस

आसन्न नवौं राष्ट्रिय खेलकूदका लागि गण्डकी प्रदेश खेलकूद परिषद्ले आजदेखि प्रशिक्षकका लागि प्रशिक्षण कार्यक्रम सुरुआत गरेको छ। प्रदेशमा यही भदौ ३ गतेदेखि पहिलो चरणको विशेष खेलाडी प्रशिक्षण शुरू भएसँगै विभिन्न खेलका प्रशिक्षक र स्वयंसेवी गरी कास्कीका १९ प्रशिक्षकलाई पहिलोपटक प्रशिक्षण दिन लागिएको हो।




गण्डकी प्रदेशमा अधिकांश खेलका प्रशिक्षक नभएपछि अहिले परिषद्ले अग्रज खेलाडी र स्वयंसेवकलाई प्रशिक्षणमा लगाएको छ। आगामी एक सातासम्म सञ्चालन हुने अन्तर्राष्ट्रियस्तरको प्रशिक्षक/प्रशिक्षण कार्यक्रमलाई दोस्रो र तेस्रो चरण गरी सबै जिल्लामा पुर्‍याएर प्रशिक्षकलाई तालीम प्रदान गरिने प्रदेश खेलकूद परिषद्का सदस्य–सचिव तेजबहादुर गुरुङले बताए।

सहभागीलाई खेलविज्ञ एवं अग्रज प्रशिक्षक सुशील नरसिंह राणालगायतले प्रशिक्षण दिनेछन्। प्रशिक्षकलाई आधारभूतरूपमा आवश्यक पर्ने ‘ट्रेनिङ प्लान’, ‘माइक्रो साइकल’लगायतका विषयमा प्रशिक्षण दिइनेछ। उत्कृष्ट नतीजाका लागि प्रशिक्षकलाई यस प्रकारको तालीम महत्त्वपूर्ण हुने परिषद्ले जनाएको छ। प्रथम चरणको प्रशिक्षण र छनोट शुरू भएपनि सम्बन्धित खेलका प्रशिक्षकलाई यस्तो प्रशिक्षणले खेलाडीको मनोबल उकास्न सहयोग पुग्ने विश्वास लिइएको छ।

परिषद्को आयोजनामा हाल कास्की, नवलपुर, गोरखा, बागलुङ र स्याङ्जामा पहिलो चरणको खेलाडी छनोट र प्रशिक्षण सञ्चालन भइरहेको छ। सबै जिल्लाका प्रशिक्षकलाई सम्बन्धित जिल्लामा प्रशिक्षण दिने कार्यक्रम तय गरिएको र खेल प्रशिक्षण तथा छनोटलाई कुनै बाधा नपुग्ने गरी प्रशिक्षकलाई तालीममा सहभागी गराइएको परिषद्ले जनाएको छ।

गण्डकीमा पहिलो चरणको खेलाडी प्रशिक्षणपछि दोस्रो चरणमा २२ खेलको जिल्ला छनोट प्रतियोगिता हुने सञ्चालनको कार्यतालिका छ। जिल्ला छनोटपछि प्रादेशिक छनोट प्रतियोगिताबाट राष्ट्रिय खेलकूदका लागि गण्डकीको टोली तयार हुनेछ। परिषद्का अनुसार जिल्ला छनोट प्रतियोगिता भदौ ९ देखि १२ गतेसम्म सञ्चालन हुनेछ र विशेष प्रशिक्षण र जिल्ला छनोटपश्चात् पोखरामा भदौ १५ देखि १८ गतेसम्म अन्तिम छनोट तालिका तय गरिएको छ।

परिषद्ले अन्तिम छनोट भएका खेलाडीलाई आगामी भदौ २६ देखि असोज २६ गतेसम्म आवासीय सुविधासहित पोखरामा बन्द प्रशिक्षणमा राखिने जनाएको छ। गण्डकी प्रदेशमा दोस्रोपटक आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म नवौं संस्करणको राष्ट्रिय खेलकूद हुन लागेको हो। यसअघि विसं २०४० मा पोखरामा दोस्रो संस्करण आयोजना गरिएको थियो।

# श्रम गन्तव्य विविधीकरणमा कोसेढुङ्गा

# शून्य लागतमा नेपाली स्वास्थ्यकर्मी बेलायत जाँदै

काठमाडौं, ६ भदौ/रासस

श्रम गन्तव्यको विविधीकरण र नेपाली युवालाई उच्च पारिश्रमिक भएको मुलुकमा रोजगारका अवसर उपलब्ध गराउने ध्येयका साथ सरकारले बेलायतसँग द्विपक्षीय श्रम समझदारी गरेको छ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवरको उपस्थितिमा सोमवार नेपाल र बेलायतबीच बेलायतको स्वास्थ्य क्षेत्रमा नेपाली स्वास्थ्यकर्मीलाई रोजगार प्रदान गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ।

सो समझदारीपत्रमा श्रम सचिव एकनारायण अर्याल र नेपालका लागि बेलायती राजदूत निकोला पोलिटले हस्ताक्षर गरे। समझदारीबाट नेपाली स्वास्थ्यकर्मीलाई बेलायतको स्वास्थ्य क्षेत्रमा रोजगारमा संलग्न हुने अवसर मिलेको छ। यसबाट नेपालको स्वास्थ्य क्षेत्रमा संलग्न जनशक्तिको विकासमा मदत पुग्ने विश्वास लिइएको छ।

बेलायतसँग श्रम समझदारी सम्पन्न भएसँगै रोजगार गन्तव्यको विविधीकरणमा नयाँ कोसेढुङ्गा थपिएको छ। नेपालको वैदेशिक रोजगारका दायरा खाडी र मलेशियालगायत मुलुकमा सीमित थियो। वैदेशिक रोजगार विभागका अनुसार मलेशिया, कतार, संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया र कुवेतले वैदेशिक रोजगारको ९० प्रतिशत हिस्सा ओटगेका छन्।

वैदेशिक रोजगार नीति, २०६८ ले रोजगार गन्तव्यको विविधीकरण गर्दै नेपालीलाई उच्च आय भएका मुलुकमा रोजगार उपलब्ध गराउने विषयलाई जोड दिएको छ। पछिल्ला वर्ष सरकारले उच्च आय भएको मुलुकसँग समझदारी गरी नेपाली युवालाई रोजगारको अवसर उपलब्ध गराउँदै आएको छ। सरकारले यसअघि खाडी र मलेशियाबाहेक उच्च आय भएका इजरायल, जापान, मरिससलगायत देशसँग श्रम समझदारी गरेको छ।

दुई देशबीच भएको समझदारी अनुसार बेलायतको स्वास्थ्य सेवामा कार्यरत रहँदा नेपाली स्वास्थ्यकर्मीको सेवासुविधा र अधिकार बेलायती स्वास्थ्यकर्मी सरह हुने व्यवस्था मिलाइएको छ। नेपाली स्वास्थ्यकर्मीको छनोट, पदस्थापना र सेवा सुविधासम्बन्धी मापदण्ड छलफलमैं रहेको र कार्यान्वयन ढाँचा (इम्प्लिमेन्टेशन प्रोटोकल) अनुसार हुनेगरी द्विपक्षीय सहमति भएको मन्त्रालयका सहप्रवक्ता डा थानेश्वर भुसालले जानकारी दिए।

वैदेशिक रोजगार विभाग र बेलायतको स्वास्थ्य तथा सामाजिक हेरचाह विभागबीच आवश्यक समन्वयबाट स्वास्थ्यकर्मीको भर्ना प्रक्रिया अगाडि बढ्नेछ। भर्ना प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन दुवै देशका सरकारी निकायको सहभागितामा कार्यान्वयन प्रोटोकल तय गरिने समझदारी बनेको छ। "स्वास्थ्यकर्मीको छनोट र पदस्थापना नेपालको वैदेशिक रोजगार विभाग तथा बेलायतको डिपार्टमेन्ट अफ हेल्थ एन्ड सोसियल केयर वा तोकिएको निकायको प्रत्यक्ष संलग्नतामा सरकारी प्रक्रियाबमोजिम हुनेछ," समझदारीपश्चात् जारी संयुक्त प्रेस वक्तव्यमा भनिएको छ।

स्वास्थ्यकर्मीको भर्ना प्रक्रियासँग सम्बन्धित सम्पूर्ण जानकारी श्रम मन्त्रालयको वेबसाइटमा राखिनेछ। बेलायत रोजगारका लागि आवश्यक योग्यता पुगेका व्यक्तिले अनलाइनमार्फत वैदेशिक रोजगार विभागमा आवेदन दिन सक्नेछन्। समझदारीले जनशक्तिको भर्नाका लागि तेस्रो पक्षको संलग्नतालाई अस्वीकार गरेको छ। स्वास्थ्य जनशक्तिको भर्ना प्रक्रियामा तेस्रो पक्षको संलग्नता हुनेछैन। रोजगारका लागि बेलायत जान चाहनेले सम्बन्धित सरकारी निकायमा सम्पर्क गर्नुपर्नेछ।

तोकिएको योग्यता पुगेका महिला तथा पुरुष सबैले आवेदन गर्न सक्नेछन्। सबैका लागि समान अवसर प्रदान गरिएको छ। दुई देशबीच भएको समझदारी अनुसार भर्ना प्रक्रियालाई निष्कर्षमा पुर्‍याउन प्रोटोकल निर्माण गरिने जनाइएको छ। बेलायत रोजगारका लागि नेपाली स्वास्थ्यकर्मीको निश्चित योग्यता हुनुपर्ने व्यवस्था गरिएको छ।

रोजगारका लागि बेलायत जान चाहने नेपाली राहदानीवाहक स्वास्थ्यकर्मीको उमेर २० देखि ४५ वर्ष बीचको हुनुपर्नेछ। त्यस्ता जनशक्तिले निश्चित शैक्षिक योग्यता प्राप्त गरेको हुनुपर्नेछ। स्टाफ नर्सका रूपमा काम गर्दै आएको, नर्सिङमा स्नातक उत्तीर्ण वा नेपाल सरकारबाट मान्यताप्राप्त संस्थाबाट नर्सिङमा स्नातकोत्तर भएको हुनुपर्नेछ।

नेपाल नर्सिङ काउन्सिलबाट व्यावसायिक लाइसेन्स लिएको र कम्तीमा दुई वर्षको अनुभव भएका व्यक्तिले आवेदन दिन सक्नेछन्। अङ्ग्रेजी भाषामा दक्ष हुनुपर्नेछ। अङ्ग्रेजी भाषा परीक्षामा कम्तीमा ६.५ नम्बर ल्याउनुपर्नेछ। छनोट चरण उत्तीर्ण गर्ने व्यक्तिले कुनै पनि शुल्क तिर्नुपर्नेछैन। शून्य लागतमा स्वास्थ्य क्षेत्रका जनशक्ति बेलायतमा रोजगारका लागि जान पाउनेछन्।

समझदारी अनुसार नेपाली स्वास्थ्यकर्मीलाई बेलायतको स्वास्थ्य सेवामा सुरक्षित, मर्यादित र व्यवस्थित तवरले रोजगारमा संलग्न हुने व्यवस्था मिलाइने सहप्रवक्ता भुसालले जानकारी दिए। विश्व स्वास्थ्य सङ्गठनको हेल्थ वर्कर सपोर्ट एन्ड सेफगार्ड लिस्ट दुई हजारमा नेपाल समावेश रहेको अवस्थालाई मध्यनजर गरी स्वास्थ्यकर्मीको सङ्ख्या र प्रकारका सम्बन्धमा दुवै सरकारले संयुक्त निर्णय गर्ने समझदारी बनेको उनले बताए।

नेपालको स्वास्थ्य क्षेत्रको विकास र सुदृढीकरणमा बेलायत सरकारको योगदान रहँदै आएकामा आगामी दिनमा समेत स्वास्थ्य क्षेत्रको निरन्तर सुदृढीकरण र आधुनिकीकरणमा सहयोग जारी हुने संयुक्त वक्तव्यमा जनाइएको छ। नेपाली स्वास्थ्यकर्मीको नियुक्ति प्रक्रियाका लागि कुनै पनि शुल्क नलाग्ने एवं रोजगारका लागि छनोट भएका स्वास्थ्यकर्मीको लागत शोधभर्ना हुने उनले बताए।

श्रम सचिव अर्यालले नेपालमा केही स्वास्थ्यकर्मी (नर्स) बेरोजगार रहेको र केही अत्यन्त न्यून पारिश्रमिकमा काम गर्न बाध्य रहेको अवस्थामा दुई देशबीच भएको ऐतिहासिक समझदारीले स्वास्थ्यकर्मी बेरोजगार बन्नुपर्ने अवस्थाको अन्त्य गरेको बताए। स्वास्थ्य मन्त्रालय, मेडिकल काउन्सिललगायत निकायसँग छलफल गरेर मात्रै बेलायत रोजगारमा पठाइने जनशक्तिको सङ्ख्या टुङ्गो लगाइने उनले बताए।

# नेप्से परिसूचकमा गिरावट जारी

काठमाडौं, ६ भदौ/रासस




धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमवार पनि ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक सात दशमलव ४१ अङ्कले ओरालो लागेर दुई हजार ५३ दशमलव १३ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ४७ अङ्कले ओरालो लागेर ३९७ दशमलव ११ मा सीमित भएको छ। कुल २२२ कम्पनीका ५२ लाख ३० हजार ७६३ कित्ता शेयर रु एक अर्ब ७२ करोड ६२ लाख ८७ हजार ४३० मूल्यमा खरीद–बिक्री भए।

कारोबार भएका १३ उपसमूहमध्ये आज सामूहिक लगानी कोषको मात्रै झिनो अङ्कले उकालो लागेको छ। बैंकिङ एक दशमलव ४८, व्यापार शून्य दशमलव ९४, होटल तथा पर्यटन २९ दशमलव ५३, विकास बैंक २४ दशमलव शून्य पाँच, जलविद्युत् १६ दशमलव ८४, वित्त आठ दशमलव ५९, निर्जीवन बीमा ४७ दशमलव ३३, उत्पादन ३२ दशमलव २३, अन्य १० दशमलव १६, लघुवित्त १५ दशमलव ३३, जीवन बीमा दुई दशमलव ९५, लगानी शून्य दशमलव २९ अङ्कले ओरालो लागेका छन्।

यस्तै, सामूहिक लगानी कोष शून्य दशमलव शून्य तीन अङ्कले उकालो लागेको छ। सोमवारको कारोबारपछि बजार पूँजीकरण रु २९ खर्ब ४१ अर्ब ९७ करोड ४३ लाख ३५ हजार ४०८ बराबर कायम भएको छ।

नेप्सेका अनुसार हिमाल दोलखा हाइड्रोपावर शीर्ष स्थानमा छ। सो कम्पनीको रु २८ करोड १८ लाख ७१ हजार ३२६ बराबरको कारोबार भई शीर्ष स्थानमा रह्यो। यस्तै, रिडी हाइड्रोपावर कम्पनी रु आठ करोड ५० लाख ३५ हजार ६९६, प्राइम बैंक रु आठ करोड ४० लाख ९०८, शिवम् सिमेन्ट रु पाँच करोड ५३ लाख २२ हजार ७९५ र अपि पावर कम्पनी रु  पाँच करोड ५२ लाख सात हजार ३३५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार अप्पर हेवा खोला हाइड्रोपावर कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो। मन्दाकिनी हाइड्रोपावर नौ दशमलव ९७, सिटिजन म्युचुअल फन्ड एक सात दशमलव २२, सामलिङ पावर कम्पनी पाँच दशमलव ६६ र हिमाल दोलखा हाइड्रोपावर कम्पनीका लगानीकर्ताले चार दशमलव शून्य तीन प्रतिशतले कमाएका छन्।

त्यस्तै, एनआइबिएल समृद्धि फन्ड दोस्रो छ दशमलव ७५, दोर्दी खोला जलविद्युत् कम्पनी पाँच दशमलव २४, श्वेत गङ्गा हाइड्रोपावर चार दशमलव १५, तारागाउँ रिजेन्सी होटल तीन दशमलव ८९ र सबैको लघुवित्तका लगानीकर्ताले दुई दशमलव ९४ प्रतिशतले गुमाएका छन्।

# "सामाजिक सञ्जाल प्रयोग गर्दा ख्याल गरौं"

काठमाडौं, ६ भदौ/रासस

केही समयअगाडि साइबर ब्यूरोको कार्यालय भोटाहिटीमा एउटा उजूरी पऱ्यो। पीडित महिलाले आफ्नो अन्तरङ्ग फोटो बाहिर ल्याइदिने धम्की दिएको जनाउँदै उजूरी दर्ता गरेकी थिइन्।

सामाजिक सञ्जाल फेसबूकमा नक्कली 'प्रोफाइल'मार्फत ती पीडित महिलालाई साथी बन्न अनुरोध गर्दै 'फ्रेन्ड रिक्वेस्ट' आयो। चिनजान नभएको व्यक्तिले पठाएको उक्त रिक्वेस्टलाई महिलाले सहजै स्वीकार गरिन्। उनीहरू फेसबूकमा साथी बने। कुरा हुँदै गएपछि उनीहरू नजीकिंदै गए। सबै कुरा एकअर्कालाई शेयर गर्न थाले। उनीहरू यतिसम्म नजीक भए कि आफ्नो निजी तस्बिर एकअर्कालाई पठाउनेसम्म गर्न थाले।

योजनाबद्धरूपमा साथी बनेका ती युवकले महिलाको हरेक गतिविधिको 'स्क्रिन रेकर्ड' र 'स्क्रिन सर्ट' लिएर राखे। केही समयपछि युवकले ती महिलालाई उक्त सबै गतिविधिको आफूसँग रेकर्ड भएको र पैसा नदिए सामाजिक सञ्जालमा हालिदिने बताउँदै धम्काउन थाल्यो। कहिले आफैंले धम्काउने गरे भने कहिले साथीबाट ती महिलालाई भिडियो पठाउँदै धम्काउन थाले।




अश्लील भिडिओको आडमा ती युवकले पीडित महिलालाई बारम्बार मानसिक यातना दिन थाले। यति गर्दासमेत आर्थिक लाभ लिन नसकेपछि अश्लील भिडिओ महिलाका आफन्तलाई पठाएर यातनालाई पुनः निरन्तरता दिन थाले।

उक्त घटनापछि पीडित महिलाले दिएको उजूरीमार्फत गत साउन २४ गते साइबर ब्यूरोको टोलीले ललितपुर महालक्ष्मी नगरपालिका-८ बस्ने २४ वर्षीय अमन राजथलालाई पक्राउ गऱ्यो। प्रहरीले उनलाई विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गतको कसूरमा मुद्दा दायर गरेको छ।


त्यस्तै, गत भदौ १९ गते नेपाल प्रहरीले सामाजिक सञ्जालमार्फत महिलालाई हैरानी तथा अपमान गर्ने कपिलवस्तु बुद्धभूमि नगरपालिका-३ टाँकुका २९ वर्षीय मोहन कुँवरलाई पक्राउ गऱ्यो।

नक्कली 'फेक अकाउन्ट' बनाएर 'लाइभ स्ट्रिमिङ'मार्फत आपत्तिजनक अश्लीलता प्रदर्शन गरी महिलालाई मानसिक तनाव, दुःख र हैरानी दिएको आरोपमा उनी पक्राउ परेका हुन्। उनलाई पनि विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा प्रहरीले मुद्दा चलाएको छ।

माथिका उक्त घटना प्रतिनिधि पात्र मात्रै हुन्। सामाजिक सञ्जालका विभिन्न माध्यमको दुरुपयोग गरी महिला र पुरुषमाथि हिंसा हुने क्रम भने रोकिएको छैन, झनै बढ्दै गएको छ। सामाजिक सञ्जालमार्फत गाली गर्ने, अश्लीलता प्रदर्शन गर्ने, 'बेवसाइट ह्याक' गर्ने, अनधिकृतरूपमा नग्न तस्बिर पठाउने, विभिन्न प्रलोभनमा पारेर 'ब्ल्याक मेल' गर्ने गरेको जनाउँदै अहिले साइबर ब्यूरोमा उजूरी पर्ने सङ्ख्या बढ्दै गएको छ।

फेसबूक, म्यासेन्जर, भाइबर, आइएमओ, टिकटकलगायतका थुप्रै सामाजिक सञ्जालका माध्यमबाट साइबर अपराध बढेको ब्यूरोको तथ्याङ्कले देखाएको छ। साइबर ब्यूरोको तीन आर्थिक वर्षको तथ्याङ्क हेर्ने हो भने साइबर अपराधमा चिन्ताजनक तस्बिर सामुन्ने आउँछ।

आर्थिक वर्ष २०७८/७९ मा मात्रै साइबर ब्यूरोको कार्यालय भोटाहिटीमा चार हजार ६८६ उजूरी दर्ता भएका थिए। तीमध्ये सबैभन्दा बढी फेसबूक र म्यासेन्जरमार्फत पीडित बनेकाको छ। यो समस्याबाट पीडित भएकाको सङ्ख्या तीन हजार ९५६ रहेको जानकारी साइबर ब्यूरोले उपलब्ध गराएको छ।



यी दुईपछि सबैभन्दा बढी उजूरी टिकटकबाट पीडित हुनेले दिएका छन्। यसमा उजूरी दिने ३०७ जना छन्। यसैगरी, बैंक तथा वित्तीय संस्थासँग सम्बद्ध उजूरीको सङ्ख्या १२७ रहेको छ। गत आवमा सामाजिक सञ्जालबाट पीडित भएकाको सङ्ख्या चार हजार ६८६ रहेको तथ्याङ्क प्राप्त भएको छ।

यसैगरी, आव २०७७/७८ मा फेसबूक र म्यासेन्जरबाट पीडित भएर उजूरी दिनेको सङ्ख्या तीन हजार ४५१ रहेको छ। त्यस्तै, टिकटकमा ७०, बैंक तथा वित्तीय संस्था सम्बद्ध उजूरी दिनेको सङ्ख्या ९६ रहेको छ। उक्त आवमा सामाजिक सञ्जालबाट पीडित भएकाको सङ्ख्या तीन हजार ९०६ पुगेको देखियो।

आव २०७६/७७ मा भने फेसबूक र म्यासेन्जरबाट पीडित भएर उजूरी दिनेको सङ्ख्या दुई हजार २५० रहेको छ। त्यस्तै, टिकटकमा चार, बैंक तथा वित्तीय संस्था सम्बद्ध उजूरी दिनेको सङ्ख्या १५ रहेको छ। उक्त आवमा सामाजिक सञ्जालबाट पीडित भएकाको सङ्ख्या दुई हजार ३०१ पुगेको साइबर ब्यूरोबाट उपलब्ध तथ्याङ्कले देखाएको छ।

सामाजिक सञ्जालका विभिन्न माध्यमबाट पीडित भएको भन्दै उजूरी परेको आधारमा सो कार्यालयले तीन आवमा २५८ मुद्दा दर्ता गरेको छ। फेसबूक, म्यासेन्जर, भाइबर, आइएमओ, टिकटकलगायतका थुप्रै सामाजिक सञ्जालका माध्यमबाट पीडित बनेको भन्दै प्रहरीमा परेको उजूरीको आधारमा साइबर ब्यूरोले आव २०७८/७९ मा १३२ वटा मुद्दा दर्ता गरेको थियो। त्यस्तै, आव २०७७/७८ मा ७६ र २०७६/७७ मा ५० वटा मुद्दा ब्यूरोले जिल्ला अदालत काठमाडौंमा दर्ता गरेको थियो।

उक्त तीन आवमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा पक्राउ परेर मुद्दा चलाएको १८४ पुरुष र १६ जना महिला गरी २०० जना रहेका छन्। जसमा क्रमशः आव २०७८/७९ मा ९७ पुरुष र १५ महिला, आव २०७७/७८ मा ५० पुरुष र आर्थिक वर्ष २०७६/७७ मा ३७ पुरुष र एकजना महिला पक्राउ गरेका थिए।

यसरी तुलनात्मकरूपमा बढेको विद्युतीय अपराधको विषयमा नेपाल प्रहरीको साइबर ब्यूरोका प्रहरी उपरीक्षक तथा सूचना अधिकारी पशुपतिकुमार रायले नागरिकमा साइबर अपराधसम्बन्धी चेतनाको स्तर बढ्दै गएकाले पनि उजूरी पर्ने क्रम बढेको हो भने।

उनका अनुसार अहिले डिजिटल माध्यमको पहुँच हरेक नागरिकसम्म पुगेकाले अपराधको तथ्याङ्क पनि बढेको देखिन्छ। समय अनुसार हरेक नागरिक सामाजिक सञ्जालको पहुँचसँग (फेसबूक, म्यासेन्जर, टिकटक, भाइबर आदि) जोडिंदै गएका छन्। यसरी उक्त माध्यमबाट पीडित बन्नेको सङ्ख्यामा पनि वृद्धि भएको हो।

उनले सामाजिक सञ्जालका विभिन्न माध्यमको दुरुपयोग गरी आर्थिक लाभ लिने मनसाय राखेर पनि अपराध गर्ने गरेको जानकारी दिए। सूचना अधिकारी रायले भने, "अपराधबाट बच्नका लागि नागरिक आफैं सचेत र चनाखो हुनुपर्छ।"

**साइबर अपराध : फेसबूक ह्याक गर्दै रकम माग्दै**

कास्की, ६ भदौ/रासस



पोखरा महानगरपालिका-१ बगरका 'फ्रेन्सी' व्यवसायी बलराम आचार्यलाई शनिवार दिउँसो परिचित व्यक्ति रमेश बन्जाराको फेसबूक म्यासेन्जर कल आयो। ती परिचितले सन्चो बिसन्चो सोधपूछ गरी नम्बर हराएकाले पुनः मोबाइल नम्बर पठाउन आग्रह गरे।

यसपछि मोबाइलमा आफूले एउटा लिङ्क पठाएकाले सोको कोड दिन आग्रह गरेपछि व्यवसायी आचार्यले चिनजानको साथीले भनेपछि तुरुन्तै पठाइदिए। कुराकानीकै क्रममा मोबाइल बैंकिङ एप्स छ वा छैन ? ईसेवा चलाउनुहुन्छ कि हुँदैन भनेपछि उनले आफ्नो ईसेवामा हाल पैसा नभएको जवाफ फर्काए।

सोको एक घण्टापछि आचार्यलाई काठमाडौंका एक साथीले मैले पठाइदिएको रु २५ हजार पाउनुभयो भनेर भन्नासाथ उनी झसङ्ग भए। यसबीचमा आचार्यले कसैसँग पनि पैसा मागेका थिएनन्। साथीले आफ्नो म्यासेन्जरबाट अनुरोध गरेपछि पैसा पठाएको बताएपछि उनी आफूलाई प्रयोग गरेर कसैले साथीलाई ठगेको निचोडमा पुगे।

मोबाइलमा आएको कोड पठाएलगत्तै आफ्नो फेसबूक नियन्त्रणमा लिएर म्यासेन्जरबाट विभिन्न व्यक्तिसँग पैसा माग गरिएको आचार्यले बताए।

उनले भने, "मोबाइलमा आएको लिङ्कको कोड दिएलगत्तै मेरो फेसबूक अकाउन्ट ह्याक गरी धेरैजनासँग पैसा मागिएको रहेछ। पछि साथीहरूले फोन गरेर पैसा पठाइदिएको छु भनेपछि मात्र ठगी गरिएको थाहा पाएँ।" आफन्त तथा चिनजानका व्यक्ति तीनजनाबाट रु ६५ हजार ठगी भएको उजूरी लिएर आचार्य आइतवार जिल्ला प्रहरी कार्यालयमा पुगेका थिए।

उनी मात्र होइन, शनिवार मात्र पोखरामा एकै दिन छजना बढी व्यक्ति फेसबूक आइडी ह्याक गरेर ठगिएको निवेदन लिएर प्रहरीकहाँ पुगेका थिए। पोखरा-१८ सराङकोटका सुजन भण्डारीको अवस्था पनि उस्तै थियो। आफ्नो काका नाता पर्ने चेतनाथ भण्डारीको फेसबूक आइडीबाट शनिवार राति ११ बजेतिर ईसेवाको पासवर्ड पठाउन भनेपछि उनले आफ्नै काकाले भनेपछि विश्वास गरेर दिए तर काकाको फेसबूक आइडी ह्याक गरिएको उनले भोलिपल्ट बिहान मात्र थाहा पाए।

भण्डारीले ईसेवाको पासवर्ड दिएपछि उनको नम्बरमा विभिन्न व्यक्तिबाट रु एक लाख जम्मा भएको र लगत्तै सो रकम अन्यत्र पठाइएको पाइएको छ। आफन्त, चिनेजानेका व्यक्तिबाट फेसबूक म्यासेन्जरमा अनुरोध भएका आधारमा विश्वासमा परेर रकम पठाउने ठगिने क्रम पोखरामा बढेको हो। यसरी ठगिनेमा सर्वसाधारण मात्र होइन, जनप्रतिनिधि, व्यवसायी, सञ्चारकर्मीलगायत समाजका शिक्षित भनिएका व्यक्तिसमेत परेका छन्। विश्वासका आधारमा बुझ्दै नबुझी पैसा दिंदा ठगिने क्रम बढ्दो छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीले साइबर अपराधका घटना सचेतनाको अभावमा बढ्दै गएको बताए। प्रविधि र सुविधाको विकाससँगै आर्थिक प्रलोभन र सामाजिक सञ्जालको प्रयोग गरेर ठगी गर्ने क्रम बढेकाले उपहारको प्रलोभनमा खाता नम्बर, नागरिकता नम्बर, जन्ममिति, राहदानी नम्बर वा सवारी चालक अनुमतिपत्रको नम्बरजस्ता विवरण अरूलाई उपलब्ध गराउन नहुने उनको भनाइ छ।

उनले भने, "फेसबूक ह्याक गरेर साथीभाइलाई पैसा पठाउन भन्ने र सो पैसा अन्यत्र डाइभर्ट गरेर छिमेकी मुलुकलगायतबाट निकाल्ने गरेको पाइएको छ। कसैलाई पैसा पठाउनुभन्दा अघि एकपटक फोन गरेर निश्चित हुनुपर्दछ। फेसबूक, भाइबर, म्यासेन्जरमा आग्रह गरेका आधारमा पैसा दिएका ठगिनुभएको छ।"

साइबर अपराधका घटनाबाट जोगिन व्यक्ति आफैं सचेत बन्नुपर्ने उनले बताए। प्रनाउ तिवारीले भने, "आफ्ना व्यक्तिगत विवरण, बैंक वित्तीय संस्था र डिजिटल माध्यमका अकाउन्ट र पिन, कोडलगायत विवरण सुरक्षित राख्नुपर्छ।"

ठगी गर्नेले निरक्षर र ज्याला मजदूरी गर्ने व्यक्तिका विवरणका आधारमा नक्कली बैंक खाता र ईसेवालगायतका आइडी खोल्ने र जो त्यस्ता घटनामा संलग्न हुन सक्दैनन्, उनीहरूका खातामा पैसा गएको देखिने गरेकाले अनुसन्धान जटिल बन्ने गरेको प्रहरीको भनाइ छ।

जिल्ला प्रहरी कार्यालयमा गत आर्थिक वर्षमा साइबर अपराधका २९७ उजूरी परेका थिए। यसमा पुरुष १२७ र महिला १७० ठगिएको उजूरी छ। त्यसैगरी, गत साउन महीनामा मात्र २९ वटा उजूरी परेका छन्।

अनलाइनबाट ठगीका ३३, गाली बेइज्जत र अश्लील कुराका ३८, फेक आइडी ९६ र सामाजिक सञ्जाल ह्याक गरेर ठगी गरिएका १२६ उजूरी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## फरक समाचार

### घरमा हुर्काइएको कुखुराको अन्डामा सीसाको मात्रा बढी हुन्छ

जसरी बगैंचामा उब्जाइएको तरकारीलाई सबैभन्दा शुद्ध मानिन्छ, त्यसै प्रकार घरमा हुर्किएको जनावरबाट पाइने दूधलाई राम्रो मानिन्छ किनभने यी



सबै हाम्रो हेरचाहमा हुन्छ तर कुखुरापालनमा यस्तो हुँदैन। नयाँ अनुसन्धानले भनेको छ पोल्ट्री फार्मभन्दा घरमा पालेको कुखुराको अन्डा खतरनाक साबित हुन सक्छ। साइन्स डाइरेक्टको रिपोर्ट अनुसार अन्डा ताजा हुनु शुद्धताको चिह्न होइन। यसमा एउटा अर्को खतरा पनि छ। अस्ट्रेलियामा कुखुरामाथि गरिएको अनुसन्धानले यो कुरा प्रकाशमा आएको छ।

घरमा हुर्किएको कुखुराको अन्डा कति खतरनाक हुन्छ, त्यसबारे अनुसन्धान गर्न अस्ट्रेलियाका २५ हजार घरबाट नमूना सङ्कलन गरिएको थियो। यसमध्ये सिडनीका ५५ घरको माटो पनि समावेश गरिएको थियो। नतीजा अनुसार पोल्ट्री फार्ममा हुर्काइने कुखुराको तुलनामा घरको कुखुराको अन्डामा सीसा अर्थात् लेड ४० प्रतिशतसम्म बढी भेटियो। सिडनीमा हरेक दुईमध्ये एउटा कुखुरामा सीसा पाइएको थियो।

सीसा अर्थात् लेड मान्छेको लागि खतरनाक हुन्छ। घरमा हुर्किने कुखुरा र त्यसको अन्डामा सीसा पाइन्छ, जुन मानिसको लागि निकै खतरनाक हुन्छ। अस्ट्रेलियामा चार लाख मानिसले कुखुरापालन गर्छन् र उनीहरूले ठूलो मात्रामा अन्डा बेच्छन्। घरमा हुर्काइएको कुखुराका अन्डा सुरक्षित नभएको उनीहरूको ठहर छ।

विश्व स्वास्थ्य सङ्गठन अनुसार सीसा मानिसको लागि थुप्रै प्रकारले खतरनाक हुन्छ। यसले रक्तचाप बढाउँछ, मिर्गौला क्षतिग्रस्त गर्न सक्छ, मुटुरोगको कारण बन्न सक्छ र आइक्यू लेभल पनि घटाउन सक्छ। यसको अलावा महिलामा यसले गर्भपात पनि गराउन सक्छ।

शोधकर्ताको भनाइ अनुसार कुखुरामा खतरनाक सीसा माटोको माध्यमबाट पुग्छ। कुखुराले साधारणतया माटोमा खसेको खानेकुरा खान्छ, जसले गर्दा उनीहरूको शरीरमा सीसा पुग्छ। शरीरमा पुगेपछि सीसाको मात्रा अन्डामा पनि पुग्छ। रिपोर्ट अनुसार २० माइक्रोग्राम प्रतिडेसिलिटर वा यसभन्दा बढी सीसाको मात्राले नोक्सान पुऱ्याउँछ। घरमा हुर्काइएको कुखुरामा २० माइक्रोग्राम/डिएलभन्दा बढी सीसा भेटिएको थियो।

जबकि पोल्ट्री फार्ममा हुर्काइएको बोइलर कुखुरालाई सन्तुलित, पोषिलो खुराक खुवाइन्छ। कुखुराहरूलाई बाहिर छाडिंदैन र माटोको सम्पर्कमा राखिंदैन। जसले गर्दा पोल्ट्री फार्मको कुखुराका अन्डामा सीसाको मात्रा निकै कम हुन्छ।

### उसिनेको खानेकुराका फाइदा

स्टिम्ड फूड वा वाष्पबाट पकाइएको खानाले निकै फाइदा पुऱ्याउँछ। पकाउन सजिलो र खाएपछि शरीरमा लाग्छ। उसिनेको खानेकुरामा तेलको



मात्रा निकै कम हुन्छ। यस्ता खानेकुरामा लो फैट हुन्छ भने क्यालोरी पनि निकै कम हुन्छ। पचाउन सजिलो र वजन घटाउन उसिनेको खानेकुरा खान सल्लाह दिइन्छ।

खाना पकाउनको लागि पारम्परिक तरीका अपनाउनुपर्छ। यसमा खानालाई उमाल्नुपर्छ। यस्तो गर्नाले खानाको न्युट्रिशन भ्याल्यु कम हुन्छ। यस्तो खानेकुरामा भिटामिन र मिनरल रहन्छ। वाष्पबाट पाकेको कारण भिटामिन बी, थायमिन, नियासिन र भिटामिन सी जस्ता केही भिटामिनको शक्ति झनै बढ्छ। यसमा पोटाशियम, क्याल्शियम, फास्फोरस र जिङ्क जस्ता मिनरल रहिरहन्छ।

उसिनेको खानेकुरा पकाउन तेलको आवश्यकता पर्दैन अथवा निकै कम तेल प्रयोग गर्न सकिन्छ। यस्ता खानेकुराहरू उसिन्दा नरम हुन्छ र सजिलै पच्छ। यसले हाम्रो पाचनतन्त्रलाई स्वस्थ राख्छ र शरीरले सबै पोषक तत्त्व पाउँछ।

स्टिमिङ विधिबाट खाना पकाउँदा कोलेस्ट्रोल नियन्त्रित हुन्छ भने उच्च रक्तचापबाट पनि जोगाउँछ। वाष्पबाट पकाइएको खानाको स्वाद, रङ्ग र तरकारीको बनावट जस्तोको त्यस्तै रहन्छ। उसिनेको खानेकुरालाई स्वादिष्ट बनाउन केही मसाला प्रयोग गर्न सकिन्छ।

**अनिद्राको समाधान**

- दहीमा मह, सौंफ, मरीच मिलाएर प्रतिदिन खानाले अनिद्रा रोग केही दिनमैं ठीक हुन्छ।
- रोगीले प्रतिदिन बिहान तथा साँझ सानो हरडलाई चुसेमा अनिद्रा रोग चाँडै निको हुन्छ।
- एक चम्चा कागतीको रस र मह मिलाएर राति सुत्नुभन्दा पहिले पिउँदा चाँडै निद्रा लाग्छ।
- शङ्खपुष्पीको चूर्ण बराबर मात्रामा मिश्रीसँग मिसाएर एक चम्चाको मात्रामा बिहान र साँझ सेवन गर्नाले मुटुको ढुकढुकी बढ्ने, कम्पन, बेचैनी, अनिद्रामा लाभ पुऱ्याउँछ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# फिलिपिन्समा कोरोनाबाट एकै दिन ४९ जनाको मृत्यु

मनिला, ६ भदौ/सिन्ह्वा

फिलिपिन्समा कोरोनाको सङ्क्रमण बढेको बताइएको छ। यहाँ २४ घण्टाको समयावधि अर्थात् आइतवार मध्यरातिसम्म कम्तीमा पनि ४९ जनाको ज्यान गएको छ।


फिलिपिन्सस्थित एक बजारमा मास्क प्रयोग गरि सामान किन्दै ग्राहक। तस्वीरः एपी

यहाँका स्वास्थ्य अधिकारीहरूले दिएको जानकारी अनुसार आइतवार मात्र तीन हजार ६४३ जनामा कोरोना सङ्क्रमण भएको छ। फिलिपिन्सको स्वास्थ्य विभागले दिएको जानकारी अनुसार यहाँ पछिल्ला केही हप्तामा कोभिडको सङ्क्रमण बढ्दो देखिएको छ।

यहाँ कम्तीमा पनि ३५ हजारजना सक्रिय सङ्क्रमित रहेका छन्। यहाँ एकै दिन गएको जनवरी १५ मा ३९ हजारभन्दा बढी मानिसमा सङ्क्रमण थियो।

त्यसका तुलनामा पछिल्लो समयमा यहाँ सङ्क्रमितहरू घटेका भएपनि केही हप्तायता भने सङ्क्रमण बढ्दै गएको स्वास्थ्य अधिकारीहरूले जनाएका छन्।

**भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या दश हजारभन्दा कम**

नयाँ दिल्ली/सिन्ह्वा

भारतमा एकै दिनमा कोरोना सङ्क्रमितको सङ्ख्या दश हजारभन्दा कम भएको छ। यहाँ २४ घण्टाको समयावधि अर्थात् आइतवार मध्यरातिसम्म नौ हजार ५३१ जना कोरोना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले सोमवार सार्वजनिक गरेको छ।

यसैसँगै भारतमा चार करोड ४३ लाख ४८ हजार ९६० जना कोराना भाइरस सङ्क्रमित भएका छन्। भारतमा एक दिनअगाडि अर्थात् आइतवार प्रकाशित तथ्याङ्क अनुसार एक दिनमा ११ हजार ५३९ जनामा सङ्क्रमण देखा परेको थियो।

दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ। भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या ९७ हजार ६४८ रहेको छ।

गत २४ घण्टाको समयावधिमा कोरोना सङ्क्रमणबाट यहाँ ३६ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोना शुरू भएबाट हालसम्म यहाँ पाँच लाख २७ हजार ३६८ व्यक्तिको मृत्यु भइसकेको छ।

भारतमा हिजो एक दिनमा १२ हजार ७८३ जना कोरोनामुक्त भएका छन्। यसैसँगै कुल चार करोड ३७ लाख १२ हजार २१८ जना कोरोनामुक्त भएका छन्। नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका हुन्। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो।

सो समयबाट हालसम्म दुई अर्ब दश करोड २४ लाखभन्दा बढी मात्रा खोप लगाइएको छ। भारतमा कोरोना शुरू भएयता हालसम्म ८८ करोड ६० लाखभन्दा बढी मानिसको कोरोना भाइरस परीक्षण भएको जनाइएको छ। रासस

# सोमालियाका प्रधानमन्त्रीद्वारा जवाफ दिने वाचा

मोगादिसु, ६ भदौ/एएफपी

सोमालियाका प्रधानमन्त्रीले अल–शबाब जिहादीहरूले मोगादिसुमा भएको घातक होटल घेराबन्दीका लागि सरकारलाई जवाफदेही बनाइने बताएका छन्। प्रधानमन्त्री हम्जा अब्दी वारेले पनि सोमालियालीहरूलाई अल–शबाब सम्बन्धित समूहविरुद्ध लड्न एकजुट हुन आह्वान गरेका छन्।

यस देशमा अल–शबाब जिहादीहरूले १५ वर्षभन्दा बढी समयदेखि रक्तपातपूर्ण विद्रोह गरिरहेका छन्।

“सरकारमा जवाफदेहिता हुनेछ, सरकारमा कोही पनि जवाफदेहिताबाट उम्कनेछैन, जोकोहीले आफूलाई सुम्पिएको जिम्मेवारीलाई बेवास्ता गरे जवाफदेही बनाइनेछ,” वारेले आइतवार पत्रकारहरूलाई जानकारी दिए।

अल–शबाब आतङ्ककारीले सोमालियाको राजधानी मोगादिसुको हयात होटलमा आक्रमण गरेको झन्डै ३० घण्टापछि सैनिक कारबाई समाप्त भएको थियो। अल–शबाब आतङ्ककारीले गरेको आक्रमणमा ४० जनाको मृत्यु हुनुका साथै ७० जनाभन्दा बढी घाइते भएका छन्। स्थानीय सञ्चारमाध्यमका अनुसार सुरक्षा अधिकारी र आक्रमणकारीबीच झन्डै ३० घण्टासम्म गोली हानाहान जारी रहेको बताइएको छ। रासस

# अफगानिस्तानको पाक्तिया प्रान्तमा बाढी १४ जनाको मृत्यु


तस्वीरः एजेन्सी

काबुल, ६ भदौ/सिन्ह्वा

अफगानिस्तानको पूर्वी पाक्तिया प्रान्तमा आइतवार अबेर राति आएको भीषण वर्षापछिको बाढीका कारण कम्तीमा १४ जनाको मृत्यु हुनुका साथै अन्य १२ जना घाइते भएका राज्य सञ्चालित बख्तर समाचार समितिले सोमवार जनाएको छ।

आइतवार राति प्रान्तीय राजधानी गार्डेज र पाक्तिया प्रान्तका केही जिल्लाहरूमा भारी बाढीका कारण १४ जनाको ज्यान जानुका साथै १२ जना घाइते भएका राज्य सञ्चालित समाचार समितिले जानकारी दिएको छ।

मनसुनी बाढीले कम्तीमा २० एकड जमीन बगाएको र ३५८ आवासीय घर पूर्णरूपमा र ६७६ अन्य आंशिकरूपमा ध्वस्त भएका बख्तरले जानकारी दिएको छ।

बाढीले यस प्रान्तमा एक हजार ४३० भन्दा बढी गाईवस्तुको ज्यान गएको र सयौं किलोमिटर सडक, असङ्ख्य सुरक्षाका पर्खालहरू, पुल र बाँधमा क्षति पुगेको बख्तर जनाएको छ।

शनिवार पाक्तियाको छिमेकी लोगार प्रान्तको खुशी जिल्लामा अचानक आएको बाढी र आँधीले १५ जनाको ज्यान गएको र नौजना घाइते भएका प्रान्तीय प्रहरी प्रवक्ता अहमदउल्लाह अनासले पुष्टि गरेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – मित्रमिलन | वृष – कान्तिक्षय |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – कर्मप्राप्ति |
| तुला – राज्यभय | वृश्चिक – वादविवाद |
| धनु – यात्रालाभ | मकर – शत्रुभय |
| कुम्भ – चोरभय | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

व्यक्तिगत घटना जस्तैः जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता तथा सम्बन्धविच्छेद समयमैं सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं।

वीरगंज महानगरपालिका कार्यालय

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


गण्डक सिंचाइ नहरले आफ्नो प्रयोजनको लागि बनाएको सडकमा सार्वजनिक सवारीसाधनहरू पनि सञ्चालन हुन थालेपछि पर्सा, बाराका गण्डक नहरसँग जोडिएका पुलहरूको अवस्था जर्जर भएको छ। तस्वीरमा देखिएको यो पुल फेटा गाउँपालिकाको हो। त्रिवेणी र प्रसौनी गाउँ जोड्ने यो पुलको अवस्था जीर्णपछि अहिले दुई पाङ्ग्रे सवारीसाधनको मात्रै आवतजावत भइरहेको छ। तस्वीरः नितेश कर्ण

# आठ प्रतिशत उम्मेदवारले मात्रै चुनावी खर्च विवरण बुझाए

प्रस, सप्तरी, ६ भदौ/

सप्तरीमा स्थानीय तह निर्वाचनका बहुसङ्ख्यक उम्मेदवारले खर्च विवरण बुझाएका छैनन्।

स्थानीय तहको बितेका निर्वाचनमा सप्तरी जिल्लास्थित कुल ८५६ पदका लागि पाँच हजार ५३५ जना उम्मेदवार रहेका थिए। सोमध्ये हालसम्म ४८४ (८.७४ प्रतिशत) जना उम्मेदवारले मात्र निर्वाचन खर्चको विवरण बुझाएको निर्वाचन आयोगको कार्यालयले जनाएको छ। जिल्ला निर्वाचन कार्यालय, सप्तरीले दिएको जानकारी अनुसार पाँच हजार ५१ (९१.२५ प्रतिशत) जना उम्मेदवारले चुनावी खर्च विवरण बुझाएका छैनन्।

निर्वाचन आयोग ऐन अनुसार निर्वाचन खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ। तर जिल्लाका अधिकांश उम्मेदवारले तीन महीना बितिसक्दा पनि निर्वाचन खर्च विवरण नबुझाएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी सरोज मेहताले जानकारी दिएका छन्।

जिल्लाका विभिन्न पालिकामा निर्वाचित प्रमुखले समेत निर्वाचन खर्च आयोगमा नबुझाएको खुलासा भएको छ। सप्तरीमा नौवटा नगरपालिका र नौवटै गाउँपालिका गरी १८ पालिका छन्। सोमध्ये १६८ जना नवनिर्वाचित जनप्रतिनिधि र ३१६ जना पराजित उम्मेदवारहरूले मात्रै चुनावी खर्च विवरण आयोगमा बुझाएका छन्।

उक्त कार्यालयको तथ्याङ्क अनुसार १२ वडा रहेको कञ्चनरूप र ११ वटा वडा रहेको सप्तकोशी नगरपालिकाका कुनै पनि उम्मेदवारले निर्वाचन खर्च विवरण बुझाएका छैनन् तर जम्मा पाँच वटा वडा रहेको तिरहुत गाउँपालिकाको अध्यक्ष पदमा पराजित एकजना उम्मेदवारले मात्र खर्च विवरण बुझाएका छन्।

प्राप्त तथ्याङ्क अनुसार निर्वाचित प्रमुख पदका उम्मेदवारले समेत तोकिएको समयमा निर्वाचन खर्च विवरण बुझाएका छैनन्।

राजविराज, शम्भुनाथ र डाक्नेश्वरी नगरपालिकाका प्रमुख र उपप्रमुख दुवैले निर्वाचन खर्च विवरण बुझाएका छैनन्। त्यसैगरी, रूपनी, बलान बिहुल, तिरहुत र अग्निसाइर कृष्णासवरन


तस्वीरः फाइल

गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षले पनि खर्च विवरण बुझाएका छैनन्। यसैगरी, हनुमाननगर कङ्कालिनी नगरपालिकाका प्रमुख र छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष, खडक नगरपालिकाका उपप्रमुख, राजगढ र विष्णुपुर गाउँपालिकाका उपाध्यक्षले समेत खर्च विवरण नबुझाएको आयोगले जनाएको छ।

खर्च विवरण बुझाउने उम्मेदवारमा राजविराज नगरपालिकाका १०१, बोदे बर्साइन नगरपालिकाका ७५, छिन्नमस्ता गाउँपालिकाका ६१ र हनुमाननगर कङ्कालिनी नगरपालिकाका ५१ जना रहेका छन्। त्यसैगरी, राजगढ गाउँपालिकाका ४६, महादेवा गाउँपालिकाका ४२, तिलाठी कोइलाडी गाउँपालिकाका ३८ जना उम्मेदवारले पनि खर्च विवरण बुझाएका छन्।

निर्वाचन आयोग ऐन–२०७३ को २६ को (१)मा अधिकतम वा तोकिएभन्दा बढी खर्च गर्ने वा तोकिएको अवधिमा खर्च विवरण पेश नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई निजले गरेको निर्वाचन खर्च वा आयोगद्वारा निर्धारित खर्चको हदमध्ये जुन बढी हुन्छ, सोही बराबरको रकम जरिवाना गर्न सक्ने व्यवस्था छ।

सोही ऐनले कुनै राजनीतिक दल वा उम्मेदवारले निर्वाचन खर्चको विवरण पेश नगरेमा वा त्यही पेश भएको विवरणमा लेखापरीक्षण हुँदा लेखापरीक्षकको प्रतिवेदनको आधारमा अस्वाभाविक वा निर्वाचनको स्वच्छतामा प्रतिकूल हुनेगरी वा गैरकानूनी प्रयोजनका लागि गैरकानूनी तवरले खर्च गरेको देखिएमा आयोगले त्यस्तो राजनीतिक दल वा उम्मेदवारलाई बिगो बराबरको रकम वा रु पाँच लाखमध्ये जुन बढी हुन्छ, सो बराबरको रकम जरिवाना गर्न सक्ने व्यवस्था छ।

चुनाव सम्पन्न भएको छ महीनासम्म चुनाव खर्च विवरण नबुझाउने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले तत्कालैदेखि लागू हुनेगरी बढीमा छ वर्षसम्म, कुनै पनि निर्वाचनमा भाग लिन रोक लगाउन वा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्नेछ।

यसरी आयोगले निर्णय गरेको व्यक्ति चुनावबाट निर्वाचित भएको रहेछ भने निजको निर्वाचन स्वतः बदर हुनेसमेत ऐनमा व्यवस्था छ। सम्बन्धित पक्षलाई पुनः ताकेदा गरिएको र अब पनि अटेर गरे कानूनी प्रक्रिया अनुसार कारबाई हुने जिल्ला निर्वाचन आयोगको कार्यालय सप्तरीले जनाएको छ।

# सिराहाको कल्याणपुरमा शोक

प्रस, सिराहा, ६ भदौ/

सिराहा क्षेत्र नं १ का सांसद तथा प्रतिनिधिसभाका सदस्य प्रदीप गिरीको निधनमा सिराहाको कल्याणपुर नगरपालिकाले सोमवार शोक बिदा दिएको छ।

कल्याणपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुरञ्जन बरालद्वारा जारी सूचनामा नेता गिरीको निधनमा नगरपालिका शोकमा डुबेको उल्लेख छ।

लहान नगरपालिका वडा नं १४ निवासी गिरीको निधनमा लहान नपाले आइतवार नै सार्वजनिक बिदा दिएको थियो।

नेपाली काङ्ग्रेसका बौद्धिक नेता गिरी भारतको मुम्बईमा क्यान्सरको उपचार गरेर फर्किए लगत्तै स्वास्थ्यमा समस्या देखिएपछि साउन दोस्रो साता ललितपुरस्थित मेडिसिटी अस्पतालमा भर्ना भएका थिए।

शनिबार राति उपचारको क्रममा उनको निधन भएको थियो।

## मिटर ब्याजी साह.....

मिटर ब्याजी साह.....

स्थित उनको ससुराली घरबाट बरामद गरेको हो। साहले ५० हजार रुपैयाँ दिएको ऋणीसँग नौ लाखसम्मको कपाली तमसुक बनाएको खुलासा भएको छ। कतिपय महिला ऋणीहरूलाई ब्याजको रकम माफ गरिदिने भनेर यौन प्रस्ताव गरेको उजूरीसमेत प्रहरीमा परेको छ। साँवाको ब्याज र ब्याजको स्याजसमेत गरी दर्जनौं बढी व्यक्तिको थातथलो हडपेको आरोपमा साहविरुद्ध जिल्ला प्रशासनमा छुट्टाछुट्टै १४ वटा जाहेरी परेको छ।

साहविरुद्ध २०७७ माघ २९ गते महोत्तरी जिल्ला अदालतमा १४ जनाले ४२ लाख ९२ हजार १९० बराबरको बिगो दाबीसहित ठगी तथा आर्थिक शोषण मुद्दा दायर गरेकामा उनलाई अदालतले रु एक लाख ५० हजार धरौटी राखी तारेखमा छाडेको थियो। सो मुद्दा अझै पनि अदालतमा विचाराधीन छ।

मिटर ब्याजी साहलाई प्रहरीले करीब डेढ वर्षको प्रयासपछि शनिवार साँझ ७ बजे महोत्तरीको भङ्गाहा नगरपालिका–५ बाट पक्राउ गरी आइतवार जिल्ला अदालतबाट म्याद थप गराइ हिरासतमा लिएर अनुसन्धान अगाडि बढाएको छ।



**डुङ्गाको सयरः** चितवनको सौराहामा डुङ्गामा बसी पानीसँग रमाउँदै आन्तरिक पर्यटकहरू । कोभिड–१९ को महामारीपछि आन्तरिक र बाह्य पर्यटकहरूको आगमनमा कमी हुँदा पर्यटन व्यवसायीहरू मारमा परेका छन् । तस्वीरः पङ्कज श्रेष्ठ

# तस्करीबाट नेपाल भित्र्याइएको अवैध पेस्तोल बरामद

प्रस, सप्तरी, ६ भदौ/

सप्तरी जिल्लाको राजगढ गाउँपालिका वडा नं २ बनैनियाबाट प्रहरीले एक थान कट्टुवा पेस्तोल बरामद गरेको छ ।

आइतवार दिउँसो बरामद पेस्तोलसँगै एक राउन्ड आठ एमएमको गोली पनि फेला परेको जिल्ला प्रहरी कार्यालय, सप्तरीले जनाएको छ ।

बनैनिया सीमा इलाकामा तैनाथ सशस्त्र प्रहरीको बोर्डर आउट पोस्टबाट सशस्त्र प्रहरी सहायक निरीक्षक तुलसीराम कार्कीको नेतृत्वमा आकस्मिक चेकजाँच टोली खटेको थियो । उक्त टोलीले चेकजाँच गर्ने क्रममा भारतीय सीमाबाट नेपालतर्फ आउँदै गरेका दुईजना अपरिचित व्यक्ति सशस्त्र प्रहरीको टोलीलाई देख्ने बित्तिकै शङ्कास्पद वस्तु फालेर भागेका थिए ।

खोजतलाशको क्रममा एक थान कट्टुवा पेस्तोल र त्यसमा लाग्ने आठ एमएमको एक राउन्ड गोली फेला परेको सशस्त्र प्रहरी बल छिन्नमस्ता वाहिनीका वाहिनीपति सशस्त्र प्रहरी नायब उपरीक्षक गणेश ठाडामगरले जानकारी दिएका छन् । हतियार फ्याँकेर फरार हुने व्यक्तिबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । बरामद हतियार आइतवार प्रहरीले सार्वजनिक गरेको थियो ।


विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- सञ्चारमाध्यमले आफ्नो प्रभाव, पहुँच र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं ।
- विज्ञापन दरमा छुट दिने भए सोसमेत उल्लेख गरौं ।
- निर्धारित दर सार्वजनिक गरौं र विज्ञापन बोर्डमा समेत पठाऔं ।
- तोकिएको दर र छुटको सीमामा रही कारोबार गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





## पानी नपर्दा खेतीपाती....

बढी खोल्सी मिसिएका छन् । तीमध्ये १० वटा खोल्सी बर्दिबास मुख्यबजार (वडा नं १, २ र १४) छिचोल्दै रातु र भब्सी नदीमा मिसिन्छन् । मुख्य नदीमा मिसिनुपूर्व बस्ती क्षेत्रमा खोल्सीका बहाव क्षेत्र मासिएको चुरेविज्ञ डा विजयकुमार सिंह बताउँछन् । "वनक्षेत्रमैं पनि खोल्सीबाट हुने कटान रोक्न योजनाबद्ध खोल्सी व्यवस्थापनको आवश्यकता छ," विगतमा राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिमा विज्ञ सेवा दिइसकेका जिल्लाकै भङ्गाहा नगरपालिका–७ का स्थायी बासिन्दा डा सिंहले भने, "बस्ती क्षेत्रमा त यो हुने नै हो, खोल्सीको बग्ने ठाउँ थुनेर बनाइएका संरचना बर्खे भेलले बगायो, भत्कायो भनेर बिलौना गर्नुको कुनै अर्थ छैन ।"

बर्सेनि नदीहरूको ताण्डव बेहोरेर पनि जिल्लाका सबै स्थानीय तहले एक ठाउँ बसेर अहिलेसम्म समीक्षासम्म गर्न नसक्नु दुःखको कुरा बनेको डा सिंह बताउँछन् । स्थानीय तहहरू भने बर्सेनि सडकमा ग्राभेल ओछ्याउने, माटो पुर्ने र मर्मत गर्ने योजनामा बढी अल्झेको डा सिंहको गुनासो छ ।

जिल्लामा सुदूर उत्तरदेखि सुदूर दक्षिणसम्म र पूर्वदेखि पश्चिमसम्म यसपालि बाढी र डुबानको समस्या सर्वसाधारणले त्यति धेरै भोग्न परेन । बर्खायामको भदौ सिङ्गै बाँकी नै छ । यसपालि जिल्लामा बाढीबाट मानवीय क्षतिका घटना नभए पनि विगत वर्षहरूमा बाढीले घरखेत बगाएकाहरू अझै बौरिन सकेका छैनन् । बाढी र डुबानले बस्ने घर, खाने अन्न र आङ् ढाक्ने लुगासमेत नजोगिदा यहाँका सर्वसाधारणको यो पीडा नियति नै बनेको छ । तर यो विपत्तिको मुख्य कारण खोज्न जनताको प्रतिनिधित्व गर्ने स्थानीय तहले कुनै तदारूकता नदेखाएको यहाँका बुद्धिजीवीको गुनासो छ । जिल्लाका सबैजसो नदीका मुहान चुरे पहाडी शृङ्खलामा छन् । यिनको दिगो व्यवस्थापनको एकीकृत योजना नबनेसम्म बाढीको कटान र डुबान समस्या समाधान नहुने विज्ञहरूको ठहर छ ।

खुकुलो माटो भएको चुरे क्षेत्रमा उत्खनन गरिरहने, विकासका नाउँमा ठूलठूला यन्त्र लगाएर पहाड भस्काउने काम भइरहेकामा अझ विनाश निम्तिने विज्ञहरू बताउँछन् ।

# खेलकूदको संसार

## तिज कप नकआउट फूटबल प्रतियोगिता

### जनकल्याण तमु समाज, युनिक युनाइटेड र सनराइज युवा क्लब विजयी

चिरञ्जीवी सापकोटा, ठोरी, ६ भदौ/

नेपाली हिन्दू नारीको महान् पर्व हरितालिका तिजको अवसरमा ठोरी गाउँपालिका वडा नं १ मा जारी तिज कप नकआउट फूटबल प्रतियोगिताको दोस्रो दिनको पहिलो खेलमा जनकल्याण तमु समाज, माडीले सहारा युवा क्लब,



तस्वीरः प्रतीक

खरझट्टालाई ४–१ गोल अन्तरले पराजित गर्दै अगाडिको यात्रा तय गरेको छ ।

जनकल्याणको विजयमा १२औं मिनेटमा विपिन पन्तले पहिलो गोल गरी आफ्नो टीमलाई हौसला दिलाएका थिए । पन्तले मध्यान्तरपछि पुनः दोस्रो गोल गरेका थिए भने जनकल्याणकै किरण गुरुङ र विशाल गुरुङले १/१ गोल गरी विजयलाई फराकिलो बनाएका थिए । सहारा युवा क्लबले भने एक गोल मात्र गरेको थियो । आजको पहिलो खेलको 'म्यान अफ दी म्याच' जनकल्याणका विपिन पन्त घोषित भएका थिए ।

आजकै दोस्रो खेलमा बडगोमाई सुपौली र युनिक युनाइटेड माडीबीच भएको खेल टाइब्रेकरमार्फत निर्णय भएको थियो । टाइब्रेकरमा युनिक युनाइटेडले जीत आफ्नो पिल्टामा पाऱ्यो । निर्धारित समयमा कुनै पनि टीमले गोल गर्न नसकेपछि खेल टाइब्रेकरमा गएको थियो । बडकोमाईका एकजना खेलाडीले प्रहार गरेको बल गोल हुन नसकेपछि हार बेहोर्नुपरेको थियो । टाइब्रेकरमा ४–३ गोल अन्तरले युनिक युनाइटेडको यात्रा जारी छ । सो खेलको 'म्यान अफ दी म्याच' युनिक युनाइटेडका गोलरक्षक अनिष महतो घोषित भए ।


तेस्रो तथा अन्तिम खेलमा सनराइज युवा क्लब, रामनगरले बिमिरे युवा क्लब, हनुमानझुलालाई ३–१ गोल अन्तरले पराजित गरेको छ । खेल शुरू भएको छैटौं मिनेटमैं सनराइजको जर्सी नं ७ का बाबु बोटेले पहिलो र २२औं मिनेटमा पुनः दोस्रो गोल गरी टीमलाई अग्रता दिलाएका थिए भने जर्सी नं १३ का सरोज परियारले थप एक गोल गरी जीतलाई सुनिश्चित गरेका थिए । बिमिरे युवा क्लबको जर्सी नं १२ का सचिन परियारले एकमात्र गोल फर्काएका थिए । सो खेलको 'म्यान अफ दी म्याच' सनराइजको जर्सी नं ११ का साजन गौतम घोषित भए ।

भोलिको पहिलो खेल समाज सुधार युवा क्लब, बगही माडी र निर्मल समाज युवा क्लब, ठोरी–४ बीच हुनेछ भने दोस्रो खेल निर्मल युवा क्लब र हरियाली युवा क्लब तथा तेस्रो खेल एनवाइसी बुद्धनगर र निर्मल समाज क्लबबीच हुने आयोजक समितिका अध्यक्ष जगेन्द्र पौडेलले जानकारी दिए ।

पर्सा र चितवनका गरी २८ टीमको सहभागिता रहेको यस प्रतियोगिताको फाइनल खेल १७ गते हुनेछ ।

## नयाँ प्रशिक्षकसँगै नेपाली क्रिकेटमा नयाँपन आउने विश्वास

काठमाडौं, ६ भदौ/रासस



नेपाली क्रिकेट खेलको स्तरोन्नति हुन करीब एक वर्षको समयावधि लाग्ने विश्वास गरिएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा केही साताअघि मात्र राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रशिक्षकमा नियुक्त मनोज प्रभाकरको आगमनसँगै नेपाली क्रिकेटमा नयाँपन आउने विश्वास गरिएको हो ।

पूर्वप्रशिक्षक पुबुदु दासानायकेले व्यक्तिगत कारण देखाउँदै राजीनामा दिएपछि क्यानले पूर्व भारतीय अलराउन्डर प्रभाकरलाई नेपाली टोलीको जिम्मा लगाएको हो ।

नयाँ जिम्मेवारीसँगै मुख्य प्रशिक्षक प्रभाकरले करीब एक वर्षको समयावधिमा नेपाली क्रिकेट खेलमा नयाँपन आउने विश्वास व्यक्त गरे । करीब एक हप्ता प्रशिक्षण गराउँदाको अनुभवमा नेपाली खेलाडी जोश जाँगरले भरिपूर्ण रहेको उनको भनाइ थियो ।

"नयाँ जोश जाँगरले भरिएको नेपाली खेलाडीमा चाँडै सिक्ने क्षमता छ, यसैले पनि करीब एक वर्षभित्र नेपाली खेलाडीले राम्रो खेल प्रदर्शन गर्नेछन्," मुख्य प्रशिक्षक प्रभाकरले भने ।

प्रभाकरले जिम्मेवारी सम्हालेसँगै नेपाली क्रिकेट टोलीले केन्यामा पाँच टी–२० र तीन एकदिवसीय खेल खेल्दैछ । मुख्य प्रशिक्षक प्रभाकरले पनि यही खेलबाट नै आफ्नो जिम्मेवारीको थालनी गर्नेछन् ।

उनले केन्या भ्रमणका लागि नेपाली खेलाडी तयार रहेको भन्दै यस खेलबाट आफूले पनि नेपाली टोलीलाई वास्तविकरूपमा चिन्न सहज हुने बताए । उनले यस खेलबाट उत्कृष्ट प्लेइङ ११ उतार्दै प्रदर्शन गर्ने इच्छा रहेको समेत बताए ।

"नेपाली टोलीका कप्तान सन्दीप लामिछानेमा राम्रो क्षमता छ । युवा टोलीका लागि यो राम्रो सङ्केत हो । आशा छ केन्या भ्रमणमा राम्रो प्रदर्शन हुनेछ," मुख्य प्रशिक्षक प्रभाकरले भने ।

प्रभाकर सन् १९९० को दशकमा निकै चर्चित क्रिकेटर थिए । उनले भारतका लागि ३९ टेस्ट र १३० एकदिवसीय अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेका छन् । उनी भारतीय अलराउन्डरका साथै रणजी ट्रफी विजेताका प्रशिक्षकसमेत रहेका थिए ।

उनले अफगानिस्तानको बलिङ प्रशिक्षकका रूपमा समेत काम गरेका थिए । यसैगरी, आफ्नै प्रशिक्षणमा उनले दिल्ली, राजस्थान र युपी क्रिकेट एशोसिएशनलाई रणजी ट्रफी जिताएका थिए ।

नेपालको परिप्रेक्ष्यमा हेर्ने हो भने सबैभन्दा कमजोर पक्ष ब्याटिङ नै हो ।

अन्तर्राष्ट्रिय खेलको नतीजालाई हेर्ने हो भने पनि नेपालको ब्याटिङ निकै खस्केको देखिन्छ ।

प्रायः प्रतियोगितामा नेपाल पराजित भएको नतीजा हेर्दा ब्याटिङमा नै दोष देखिन्छ । अबको उनको जिम्मेवारी भनेको ब्याटिङमा सुधार पनि हो । उनले नेपाली ब्याटरमा टेक्निकको कमी देखिएको र यसलाई सुधार्दै लैजाने बताएका छन् ।

मुख्य प्रशिक्षक प्रभाकरले नेपाली क्रिकेट टोलीको एकदिवसीय मान्यतालाई पनि निरन्तरता दिन आवश्यक छ । नेपालले आइसिसी विश्वकप लिग–२ त्रिकोणात्मक एकदिवसीय शृङ्खला खेल्दै आएको छ । नेपालले हालसम्म खेलेको २० खेलमा आठ खेलमा जीत तथा ११ खेलमा हार बेहोरेको छ । विश्वकप लिग–२ मा नेपाल १७ अङ्क जोड्दै अङ्कतालिकाको छैटौं स्थानमा छ ।

अब नेपालले १६ खेल खेल्न बाँकी छ । नेपालले एकदिवसीय मान्यतालाई कायमै राख्न पनि कम्तीमा १० खेल जित्न आवश्यक छ र त्यसको जिम्मेवारी पनि मुख्य प्रशिक्षक प्रभाकरकै काँधमा छ ।